सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ वैशाख २०८१, शनिबार (20 April 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जो जागिर छाडेर उद्यममा जमे

०४६ को राजनीतिक परिवर्तनपछि देशले उदार अर्थनीति आत्मसात् गऱ्यो। यो यस्तो टर्निङ प्वाइन्ट भइदियो, जसले उद्यमी बन्ने रहर, चाहना र खुबी भएकालाई अवसरको ढोका खुला गऱ्यो। खाइपाई आएको जागिर चटक्कै छाडेर कैयौँ उद्यम व्यवसायमा जोडिए र सफल पनि भए।

नवीन अर्याल / नयाँ पत्रिका

पञ्चायतकालमा रोजगारीका लागि मानिससँग तीन विकल्प थिए- सरकारी जागिर, कृषि र मजदुरी गर्न भारततिर हानिने। अहिलेझैं अरू देशमा जान पासपोर्ट बनाउनै सहज थिएन। व्यवसाय गर्न देशमा 'लाइसेन्स राज' थियो। दरबारलाई रिझाउन सक्नेले मात्रै लाइसेन्स पाउँथे।

उसवेला पनि नागरिकमा उद्यमी बन्ने रहर, चाहना र खुबी थियो। तर, देशमा व्यापार-व्यवसाय गर्ने अनुकूल माहोल नै थिएन। व्यापार-व्यवसाय गर्न दरबारको आशीर्वाद चाहिन्थ्यो। त्यसैले पढ्न सक्ने सरकारी जागिरतिर लाग्थे, अरू कृषितिर। अहिलेझैं निजी क्षेत्रमा अवसर थिएन।

०४६ को राजनीतिक परिवर्तनले अर्थतन्त्रको क्षेत्रमा पनि असर देखिन थाल्यो। ०४८ मा तत्कालीन सरकारले उदार अर्थनीति अंगीकार गरेपछि बल्ल व्यापार-व्यवसाय र उद्यमको अवसर सहज भयो। लाइसेन्स राज अन्त्य भयो। पासपोर्ट खुला गरिएपछि विदेश जाने क्रम बढ्न थाल्यो।

परिवर्तनसँगै देशमा व्यापार-व्यवसाय गर्न सहज बन्यो। नयाँ-नयाँ अनुहार व्यापार-व्यवसायमा देखिन थाले। कतिपय जागिर छाडेर व्यवसायमा जोडिन थाले। ०४८ देखि अहिलेसम्म देशैभर धेरै जागिरदार सफल उद्यमी बनेका छन्।

व्यापार-व्यवसायमा नयाँ अनुहार मात्र आएनन्, व्यवसायमा नयाँ-नयाँ 'आइडिया' पनि भित्रिए। पुराना घरानाले पनि व्यवसाय फैलाउने अवसर ०४८ पछि नै प्राप्त गरेका हुन्। पर्यटन, एयरलाइन्स, यातायात, बैंकिङ, आइटी, स्वास्थ्य, शिक्षा, उद्योगलगायत क्षेत्रले फड्को मारेको छ।

पछिल्लो समयमा जागिरभन्दा उद्यम गर्नुपर्छ भन्ने सोच देखिन्छ। यसैले त खाइपाई आएको जागिर चटक्कै छाडेर उद्यम-व्यवसायमा जोडिनेहरू धेरै देखिएका हुन्। सरकारी, निजी, गैरसरकारी क्षेत्रको जागिर छाडेर उद्यमी बन्ने लहर नै छ। आकर्षक मानिने डाक्टर र इन्जिनियर पेसा छाडेर व्यवसाय सुरु गरेको पनि सुन्न पाइन्छ। धेरै कृषि उद्यमी बनिरहेका छन्। पछिल्लो समय स्टार्टअपमा जोडिने पनि उत्तिकै छन्।

जागिर छाडेर उद्यमी बन्ने पर्यटन क्षेत्रमा धेरै छन्। अधिकांश ट्राभल र ट्रेकिङ कम्पनीका मालिक पहिला कुनै न कुनै कम्पनीका जागिरे थिए। यती ट्राभल, गोर्खा ट्राभल, भेन्चर

» पृष्ठ २ मा क्रमशः

केही उदाहरण, जो जागिर छाडेर सफल उद्यमी बने



बैंकका जागिरे चन्द्र ढकाललाई हाकिमले 'कि जागिर खाऊ, कि राजीनामा गरेर ऋण लैजाऊ' भनेपछि...

उद्योग वाणिज्य महासंघका अहिलेका अध्यक्ष चन्द्रप्रसाद ढकाल कुनै समय राष्ट्रिय वाणिज्य बैंकको सहायक तेस्रो तहका कर्मचारी थिए। बैंकमा काम गर्ने क्रममै उनको व्यवसायीहरूसँग भेटघाट भयो। सम्पर्क दायरा फराकिलो बन्दै गयो। ठमेलमा कोल्डस्टोर खोले। त्यो उनको पहिलो व्यवसाय थियो। ०४८ तिर भाइसँग मिलेर कार्गो कम्पनी खोले। निर्यात फस्टाउँदै गएपछि कार्गो कम्पनीलाई विस्तार गर्न थप रकम चाहियो। आफूले नै काम गर्ने बैंकबाट ढकालले कर्जा स्वीकृत गराए। तर, शाखा प्रबन्धकले 'कि जागिर खाऊ, कि राजीनामा गरेर ऋण लैजाऊ' भने। उनले व्यापारलाई रोजे। र, क्रमशः व्यवसायमा जम्दै गए।

झ्याउ नयाँ

सत्ताको ह्युमपाइपमा छिर्नुभयो, दुरुस्तै निस्कनुहुन्छ ?



आख्यानकार राजन मुकारुङलाई चलचित्र निर्देशक उपेन्द्र सुब्बाको प्रश्न

डाक्टर जन्माउने गाउँ



चार दशकभित्र यादवटोलबाट मात्र ३० जनाजति डाक्टर बनिसकेका छन्। यो टोलबाट डाक्टर भएकाहरू विराटनगर, धरान, बुटवल, काठमाडौं, जनकपुरदेखि माल्दिभ्स र अमेरिकासम्म कार्यरत छन्।

हामी डिजिटल दास





पुँजीवाद मरिसक्यो, अहिले त्योभन्दा खराब व्यवस्था आएको छ

● क्यारोल क्याडवालाडर



■ भारतमा लोकसभा निर्वाचन सुरु
पहिलो चरणमा ६० प्रतिशत मत खस्यो

नयाँ पत्रिका

भारतको लोकसभा निर्वाचनको पहिलो चरणमा शुक्रबार २१ राज्य (केन्द्रशासित प्रान्त)सहितका एक सय दुई सिटका लागि मतदान भएको छ। कुल पाँच सय ४३ सिटमध्ये शुक्रबार पहिलो चरणमा भएको चुनावमा ६० प्रतिशत मत खसेको छ। भारतीय निर्वाचन आयोगले औसत ६० प्रतिशत मतदाताले मतदान गरेको जनाएको छ।

त्रिपुरामा सबैभन्दा बढी मत ७९ प्रतिशत खसेको छ। सबैभन्दा कम मतदान बिहारमा ४७ प्रतिशत मात्र भएको छ। जम्मु-कस्मिरमा ६५ प्रतिशतले मतदान गरेको निर्वाचन आयोगले जनाएको छ।

पश्चिम बंगालमा ७७ प्रतिशतले मतदान गरेका छन्। नेपालीभाषी प्रान्त सिक्किममा ६८ प्रतिशतले मतदान गरेका छन्। सिक्किम र अरुणाचल प्रदेशमा विधान सभा निर्वाचनका लागि पनि शुक्रबारै मतदान भएको छ।

» पृष्ठ २ मा क्रमशः



आसाम राज्यको बहोनामा शुक्रबार मतदान गर्न लाइन बसेका मतदाता। तस्बिर : एएफपी

नेसनल पेमेन्ट गेटवेको सवा २३ करोड भ्रष्टाचारमा नौजनाविरुद्ध मुद्दा, सुनील पौडेल मात्र दोषी ठहर

सुनीलविरुद्ध २३ करोड २७ लाख ५८ हजार बिगो निर्धारण

विशेषको ठहर

- सुनील पौडेल राष्ट्रिय सूचना प्रविधि केन्द्रको उपनिर्देशक पदमा कार्यरत छँदा नेसनल पेमेन्ट गेटवेको परामर्श सफ्टवेयर खरिदका लागि आफ्नो नेतृत्वमा प्राविधिक सम्भाव्यता अध्ययन गराए।
- परामर्श सेवा खरिदका लागि पौडेलले केन्द्रका तर्फबाट सिएमए स्मल सिस्टमएबीसँग परामर्श सेवा खरिदको सम्झौता गरे।
- तत्पश्चात् परामर्श सेवा गरी प्रतिवादी (पौडेल)ले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी २३ करोड २७ लाख ५८ हजार ७७ भुक्तानी गरेको देखिन्छ।
- रकम भुक्तानी गरी खरिद गरिएको सफ्टवेयर सञ्चालनमा ल्याउनुपर्ने जिम्मेवारी संस्थाको प्रमुख (कार्यकारी निर्देशक)का रूपमा पौडेलको रहेकोमा हालसम्म पनि सञ्चालनमा आएको देखिएन।

शिल्पा कर्ण / नयाँ पत्रिका

नेसनल पेमेन्ट गेटवे खरिदमा भएको २३ करोड ३७ लाख भ्रष्टाचार मुद्दामा एकजना मात्र दोषी ठहर भएका छन्। आठजनाले भने सफाइ पाएका छन्।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्य मुरारीबाबु श्रेष्ठको शुक्रबारको इजलासले एक साता लामो सुनुवाइपछि सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेललाई दोषी ठहर गरेको हो। उनी नेपाल टेलिकमका प्रबन्ध निर्देशक छँदा अख्तियारले मुद्दा चलाएको थियो।

हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको यो मुद्दामा पौडेल एक्लैको संलग्नता रहेको ठहर विशेषको छ। 'यसमा खरिद प्रक्रिया प्रारम्भ गर्दाको अवस्थामा प्रतिवादी सुनील पौडेल राष्ट्रिय सूचना प्रविधि केन्द्रको उपनिर्देशक पदमा कार्यरत रहेको देखिन्छ। निजको नेतृत्वमा एनपिजी (नेसनल पेमेन्ट गेटवे)को परामर्श सफ्टवेयर खरिदका लागि प्राविधिक

» पृष्ठ २ मा क्रमशः

२५ वैशाखमा सजाय सुनाइने



सुनील पौडेल दोषी ठहर भए पनि विशेष अदालतले सजाय निर्धारण गरेको छैन। २५ वैशाखमा सजाय निर्धारण हुने विशेष अदालतका अधिकृत यज्ञराज रेग्मीले जानकारी दिए। अख्तियारले १० वर्ष जेल सजाय मागदाबी गरेको थियो। अख्तियारले अन्य भ्रष्टाचार मुद्दामा पनि जोडिएका पौडेललाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ।

सचिव मरासिनीसहित आठजनाले पाए सफाइ

विशेष अदालतले नेपाल सरकारका सचिव (तत्कालीन सहसचिव) मधुकुमार मरासिनी, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव छँदा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन अध्यक्ष रहेका सञ्जय शर्मा, तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्यायलाई सफाइ दिएको छ। त्यस्तै, केन्द्रका तत्कालीन निर्देशक तथा हालका उपनिर्देशक सफल श्रेष्ठ, तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल, तत्कालीन लेखा अधिकृत निमबहादुर वली, तत्कालीन लेखा अधिकृत रामबहादुर बुढा, केन्द्रका कम्प्युटर इन्जिनियर रामशरण गायकले पनि सफाइ पाए।

६ वर्षअघि खरिद गरिएको नेसनल पेमेन्ट गेटवे अहिलेसम्म प्रयोगमा आउन नसकेको, आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत स्वीकृत गराई २५ करोडमा खरिद गरी सरकारको सम्पत्ति हानि-नोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत १५ असोजमा नौजनाविरुद्ध मुद्दा चलाएको थियो।

उपनिर्वाचनमा एजेन्डा बन्न नसकेको इलाम चिसोपानीको पहिरो

इलाममा **चिरञ्जीवी घिमिरे**

इलाम २ मा उपनिर्वाचनको एक साता मात्र बाँकी रहँदा उम्मेदवार घरदैलोमा छन्। उनीहरू आ-आफ्ना चुनावी एजेन्डा मतदातासामु राखिरहेका छन्।

इलामको माडसेबुङ- ६ र पाँचथरको मिक्लाजुङ- ५ को सिमानामा रहेको चिसोपानी पञ्चमी बजारमा पनि उम्मेदवार नपुगेको दिन छैन। तर, चिसोपानीवासीले अढाई वर्षदेखि भोगिरहेको समस्या दलहरूको चुनावी एजेन्डा बनेन।

०७८ कात्तिकको वर्षापछिको पहिरोले चिसोपानी बजार थिलथिलो छ। पहिरोमा इलामको माडसेबुङ र सिमानामा रहेको पाँचथरको मिक्लाजुङका १५ जनाले ज्यान गुमाएका थिए।

वर्षाले मिक्लाजुङतर्फ मानवीय क्षति बढी भएकामा भौतिक क्षति इलामतर्फ ठूलो छ। माडसेबुङ- ६ का स्थानीय जोखिम मोलेर पुरानो घर फर्किएका छन्, तर घरसम्मै पहिरो छ। पहिरोले शौचालयसमेत बनाउने ठाउँ नभएपछि माडसेबुङवासी पाँचथरतर्फका छिमेकीकहाँ शौचालय जान्छन्। पहिरोको संकटमा रहेका माडसेबुङवासीको यति ठूलो मुद्दा यसपटक दलहरूले एजेन्डा बनाउन सकेका छैनन्।

'एक वर्ष भाडामा बसेर जोखिम मोलेरै आफ्नो घर फर्किएँ। ०७९ को स्थानीय तह निर्वाचन र प्रतिनिधिसभा निर्वाचनमा व्यापक



पहिरोको चपेटामा परेको माडसेबुङ- ६ चिसोपानी बजारका घर।

रूपमा यो मुद्दा उठेको थियो। तर, यसपटक ओझेलमा छ,' पञ्चमी पहिरोपीडित समितिका अध्यक्षसमेत रहेका पहिरोपीडित दिनेश बुढाथोकीले भने, 'पहिरो नियन्त्रणको विषयमा कसैले कुरा नै उठाएका छैनन्।'

आफूहरू जोखिम मोलेर पहिरो क्षेत्रमै बसिरहेको उनले सुनाए। 'एक वर्ष भाडाको घरमा बसैं, सधैं अर्काको घरमा कति बस्ने भनेर



पहिरो नियन्त्रणका लागि सरकारबाट कुनै काम भएको छैन

● विनोद नेम्वाङ, उपाध्यक्ष माडसेबुङ गाउँपालिका

सुरुमा हामीले त्रिपाल लगाएर पहिरो छोप्ने प्रयास गरेका थियौं। त्यसपछि पहिरो अध्ययनका लागि संघबाट प्राविधिक अध्ययन टोली आएको थियो। तर, केही अपडेट आएन। पहिरो नियन्त्रणका लागि संघ सरकारबाट कुनै काम भएको छैन। यहाँका नागरिक जोखिम मोलेर बसिरहेका छन्।

आफ्नै घरमा फर्कियौं,' उनले भने, 'हिउँदमा त खासै डर हुँदैन। बर्खा लागेपछि त्यो ०७८ कात्तिकको पहिरोको याद आउँछ। अब त अहिले ठूलो पानी पर्दा पनि पहिरो आउँछ कि भन्ने डरले सताउँछ।' सरकारी टोली एकपटक पहिरो परीक्षणका लागि आएको थियो। तर, त्यसपछि पहिरो नियन्त्रणका कुनै काम भएको छैन।

माडसेबुङ- ६ का ज्योतिकुमार राईको घरनजिकै ठूलो पहिरो खसेको छ। 'योभन्दा अघिको निर्वाचनमा जोडतोडका साथ पहिरोको मुद्दा उठेको थियो, चुनावपछि काम भने भएन। घर पुनर्निर्माणका लागि

» पृष्ठ २ मा क्रमशः

जन्ती बोकेको बस दुर्घटना हुँदा एकै गाउँका तीनजनाको मृत्यु

दोलखा/ सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-५ को तौथलीनजिकै जन्ती बोकेको बस दुर्घटना हुँदा एकै गाउँका तीनजनाको मृत्यु भएको छ। १० जना गम्भीर घाइते भएका छन्। दोलखा भीमेश्वर नगरपालिका- १ सुष्पाक्षमावतीबाट त्रिपुरासुन्दरीस्थित पिस्करमा विवाहका लागि जन्ती बोकेर जाँदै गरेको बा.४ख ५६१६ नम्बरको बस शुक्रबार बिहान दुर्घटनामा परेको हो।

दुर्घटनामा भीमेश्वर- १ सुष्पाक्षमावतीका ७० वर्षीय मानबहादुर थामी, १६ वर्षीय शिव श्रेष्ठ र १८ वर्षीय दीपेन्द्र थामीको मृत्यु भएको सिन्धुपाल्चोक प्रहरी प्रवक्ता डिएसपी निरञ्जन भट्टराईले जानकारी दिए। बसमा सवार ५५ जनामध्ये ५२ जना घाइते भएका थिए। तर, तीमध्ये ४२ जना उपचारपछि घर फर्किएका छन्। गम्भीर घाइते १० मध्ये दुईजनाको सिन्धुपाल्चोकको सिन्धु सदावहार अस्पताल र बाँकीको काठमाडौंको ट्रमा सेन्टरलगायतमा उपचार भइरहेको छ।

प्रहरीका अनुसार सुष्पाक्षमावतीका चम्फा थामी, सुकमाया थामी, डल्ली थामी, बसचालक दलबहादुर थामी, यज्ञबहादुर थामी, राजकुमार थामी, सुकुमाया थामी र हरिमान थामीलाई रिफर गरिएको छ। ईश्वर थामी र विशाल थामीको सिन्धु सदावहार अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा बेहुला सुशील थामी र उनकी आमा साहिँली थामी पनि घाइते भएका थिए। उनीहरू उपचारपश्चात् घर फर्किसकेका छन्।

एमाले महाधिवेशन परिषद् बैठक आजदेखि

नयाँ पत्रिका

एमालेको प्रथम महाधिवेशन परिषद् बैठक शनिबारबाट सुरु हुँदै छ। ललितपुरको गोदावरीस्थित सनराइज अन्तर्राष्ट्रिय सभा हलमा दुई दिन चल्ने महाधिवेशन परिषद् बैठक एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ। एमालेले ०७८ मा चितवनमा सम्पन्न दशौं महाधिवेशनपछि पहिलोपटक महाधिवेशन परिषद् बैठक आयोजना गर्न लागेको हो।

एमाले महासचिव शंकर पोखरेलले 'मिसन- ८४ मा बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा कसरी पार्टीलाई स्थापित गर्ने भन्ने विषयमा संगठन सुदृढीकरण वर्ष योजनाबारे विशेष छलफल गरिने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बताए। 'अब नेपालमा धेरै राजनीतिक दल होइन, बलिया राजनीतिक दल र निर्णायक भूमिका खेल्न सक्ने शक्तिका रूपमा नेकपा एमालेको विकास हो,' उनले भने।

महाधिवेशन प्रतिनिधि परिषद्मा दुई हजार चार ५४ प्रतिनिधि सहभागी हुनेछन्। एमालेमा विधानको धारा १५ बमोजिम विधान महाधिवेशनको हैसियतबाहेक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकताअनुसार आयोजना गरिने व्यवस्था छ।

बैठकमा ६ वटा प्रतिवेदनमाथि छलफल हुनेछ। अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन र महासचिव पोखरेलले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्नेछन्। त्यस्तै, केन्द्रीय निकायहरू- केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्का तर्फबाट प्रतिवेदन प्रस्तुत हुनेछन्।

बैठकमा ०८१ लाई पार्टी शुद्धीकरण तथा सुदृढीकरण वर्षका रूपमा अभियान सञ्चालन गर्ने विस्तृत कार्ययोजनामाथि छलफल हुनेछ। परिषद् बैठकमै मिसन ग्रासरुट अभियान, झुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको अभियानलगायत विषय पनि समीक्षाको एजेन्डाका रूपमा प्रतिवेदनमा अगाडि सारिएको छ।

तर, 'कार्यकर्ताको डिजिटिल ओपनियन पोल'बाट निर्णय गरिने भएको छ। ललितपुरमा पेस हुने प्रतिवेदन सबै संगठित सदस्यले हेर्न पाउनेछन् भने मत पनि दिने पाउनेछन्। महासचिव पोखरेलले आधुनिक डिजिटल माध्यमको प्रयोग गरेर ओपनियन पोलमार्फत कार्यकर्ताको भावनासमेत बुझेर परिषद् बैठक निष्कर्षमा पुग्ने बताए। 'पार्टीका कार्यकर्तालाई आफ्नै मोबाइल एपबाट परिषद्का ६ वटै दस्तावेज जानकारी गराउनेछौं। पढाउनेछौं। परिषद् बैठकका सम्पूर्ण सूचना पनि त्यहींबाट प्राप्त गर्न सकिनेछ। व्यक्तिहरूको अभिलेखीकरण, परिचयपत्र एपबाटै दिइनेछ,' पोखरेलले भने, 'एपबाटै ओपिनियन पोल गरेर कार्यकर्ताको भावना के छ भन्ने कुरा आधुनिक डिजिटल माध्यमको प्रयोग गरेर प्रत्यक्ष रूपमा कार्यकर्ताको भावना समेट्छौं, सम्बोधन गर्छौं र निष्कर्षमा पुग्छौं।'

प्रधानमन्त्रीको सामाजिक विकासविज्ञमा विश्वदीप

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको युवा तथा सामाजिक विकासविज्ञमा विश्वदीप पाण्डे नियुक्त भएका छन्। मन्त्रिपरिषद्को बिहीबारको बैठकले पाण्डेलाई सामाजिक विकासविज्ञ नियुक्त गरेको हो।



पाण्डे ३ वैशाखमा मात्र माओवादीमा फर्किएका थिए। त्यसअघि उनी नेपाल समाजवादी पार्टी केन्द्रीय राजनीतिक समिति सदस्य थिए। डा. बाबुराम भट्टराईले माओवादी छाडेर नयाँ शक्ति पार्टी घोषणा गर्दा उनीसँगै गएका थिए। उनी लामो समय डा. भट्टराईका स्वकीय सचिव थिए।


संक्रमणकालीन न्यायसम्बन्धी विधेयक चाँडै टुंगोमा पुग्छ : कानुनमन्त्री गिरी

काभ्रे/ कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले संक्रमणकालीन न्याय चाँडै टुंगोमा पुग्ने बताएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकका अधिकांश विषयमा संसद्का सबै राजनीतिक दल सहमत रहेको उनको भनाइ छ।

राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी कानुन संशोधन गर्न र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा काभ्रेको धुलिखेलमा सरोकारवालाबीच भएको छलफलमा मन्त्री गिरीले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगका लागि पदाधिकारी सिफारिस गर्न बनेको समितिमा चाँडै प्रतिनिधि पठाउन पनि मानव अधिकार आयोगका पदाधिकारीलाई आग्रह गरे।

हार्दिक श्रद्धाञ्जली

राजा रंक सबै समान उसका वेषम्य गर्द्धैन त्यो ।
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्द्धैन त्यो ॥



जन्मः
वि.सं. १९९६/४/१४

स्वर्गारोहणः
वि.सं. २०७९/१२/१९

स्व. धनपति भट्टराई

हाम्रा प्रातः स्मरणीय प्रजातन्त्र सेनानी, समाजसेवी
धनपति भट्टराईज्यूको आज प्रथम वार्षिक पुण्यतिथीमा
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । तथा उहाँको महाप्रस्थानमा
श्रद्धाञ्जली प्रकट गरी शोकाकुल परिवारजनमा समवेदना र सहानुभुति
प्रकट गर्नुहुने सम्पूर्ण नातेदार, शुभचिन्तक, इष्टमित्र, संघ/संस्थाहरूप्रति
हार्दिक आभार प्रकट गर्दछौं ।

पत्नीः
हरीमाया भट्टराई

भाउजूः
नैनकला भट्टराई

भाई/बुहारीः
प्रहलाद/गौरा भट्टराई

बहिनी/ज्वाईंः
पद्मा/तुलसीराम सिटौला
धनमाया पाठक

छोरा/बुहारीः
राज कुमार/जानुका भट्टराई
कुल राज/रजनी भट्टराई

छोरी/ज्वाईंः
शान्ता/ज्ञानेन्द्र सुबेदी
जमुना/अनुष बेल्बासे

भतिजा/बुहारीः
गोपाल/बिष्णुमाया भट्टराई
मदन/सरस्वती भट्टराई
बेनु/चन्द्रा भट्टराई
तुलसी/तारा भट्टराई
शिव/अम्बिका भट्टराई
टिका/हेमा भट्टराई
सुरेश/यशोदा भट्टराई
प्रकाश/सिर्जना भट्टराई

नाती/नातीनी/बुहारी/ज्वाईंः
सुनिता/बिशाल ढकाल,
सुमन/शोभा, सुबास/ज्योती,
बिकास/रचना, भुवनेश, सम्बृद्धी,
आशुतोष, शास्वत, कृति, प्रज्ञा

पनाति/पनातिनीः
निलेश, शारभी, सारा, श्रेयान्स,
सेड्रिना, शारया, शारभ

सम्पूर्ण भट्टराई परिवार

जो जागिर...

« पृष्ठ १ बाट क्रमशः

ट्राभललगायतले धेरै उद्यमी जन्माए। भरियादेखि गाइडसम्म सफल व्यवसायी भइसकेका छन्। अटोमोबाइल क्षेत्रमा धेरै उद्यमी जन्मिएका छन्। शिक्षण पेसा छाडेर कृषि वा अन्य व्यवसाय सुरु गरेका छन्।

एउटा जागिरेको सपना के हुन्छ ? निजामती कर्मचारी भए बढुवा हुँदै सचिव बन्ने। बैंकर भए सिइओ वा गभर्नरसम्म हुने। निजीमा भए बढुवा होस्, तलब-भत्ता बढोस् भन्ने। पेन्सनसहित सेवा निवृत हुने र बाँकी जीवन आरामसाथ बिताउने।

तर, सबै जागिरेको सपना यतिमै सीमित हुँदैन। केही यस्ता जागिरे पनि हुन्छन्, जसले खाइपाइ आएको जागिर चटक्क छाडेर अर्बपति बन्ने सपना देख्छन्। जागिर होइन, हजारौंलाई रोजगारी दिने योजना बुन्छन्।

यही सपनाले डोऱ्यायो चन्द्रप्रसाद ढकाललाई। उनी कुनै समय राष्ट्रिय वाणिज्य बैंकको सहायक तेस्रो तहमा कार्यरत थिए। तर, उनको भित्री, चाहना, रहर र खुबी भने उद्यमी बन्ने थियो। यसैले त व्यवसाय सुरु गरेको छोटो अवधिमै उनले ठूलै साम्राज्य खडा गर्न भ्याए।

ढकाल आइएमई समूहको अध्यक्ष हुन्, जसले आइएमई रेमिट, बैंक, इन्स्योरेन्स, ट्राभल, होटेल, केबलकार, अटोमोबाइल, हाइड्रो, कलेज, उद्योगगायतमा लगानी फैलाएको छ। निजी क्षेत्रको सर्वोच्च संस्था नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)को नेतृत्वमा छन्।

बैंकमा काम गर्ने क्रममै ढकालको व्यवसायीसँग भेटघाट भयो। सम्पर्क दायरा फराकिलो बनाउँदै गयो। जागिरे हुँदै ठमेलमा कोल्डस्टोर खोले। त्यो उनको पहिलो व्यवसाय थियो। ०४८ तिर भाइसँग मिलेर कार्गो कम्पनी खोले। निर्यात फस्टाउँदै गएपछि कार्गो कम्पनीलाई विस्तार गर्न थप रकम चाहियो।

आफूले नै काम गर्ने बैंकबाट ढकालले कर्जा स्वीकृत गराए। तर, शाखा प्रबन्धकले 'कि जागिर खाऊ, कि राजीनामा गरेर ऋण लैजाऊ' भने। उनले व्यापारलाई रोजे। र, व्यवसायमा पूर्णकालीन बने। उनलाई आइएमई रेमिटले सफलताको चुचुरोमा पुऱ्याएको हो। आइएमई बर्सेनि सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने कम्पनीका रूपमा सम्मानित हुने गर्छ। अहिले उनी देशैभर केबलकार सञ्चालन गर्न आक्रामक ढंगले जुटेका छन्।

बैंकिङ क्षेत्रमा ख्याती कमाएका पृथ्वीबहादुर पाँडे पनि विगतमा राष्ट्र बैंकका अफिसर थिए। उनी राष्ट्र बैंकमै बसिरहेको भए गभर्नर बन्थे होलान्। उनलाई गभर्नर बन्न दुईपटक प्रस्ताव पनि आएको थियो। तर, उनले आफ्नै लगानीमा बैंक चलाउन थालिसकेका थिए। निजी बैंकमा लगानी गरेको व्यक्ति 'मोरल्ली' र 'इथिकल्ली' पनि गभर्नर बन्न मिलेन। उनी भन्छन्, 'बैंकिङ क्षेत्रमा रहेको व्यक्ति कसलाई गभर्नर बन्न मन लाग्दैन होला र ? यदि म राष्ट्र बैंक बसिरहेको भए गभर्नर हुन्थे हुँला।'

पाण्डेको आफ्नै बैंक चलाउने हुटहुटीले सफल बैंकिङ उद्यमी बनायो। नेपालीले विदेशीको सहयोगविना पनि बैंक चलाउन सक्छन् भनेर प्रमाणित गरे। अहिले उनी नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको अध्यक्ष छन्। नेपाल पूर्वाधार विकास बैंकका ठूला प्रमोटर हुन्।

पाण्डेले ठमेलमा पाँचतारे अलफुट होटेल चलाइरहेका छन्। यसै वर्ष नगरकोटमा लक्जरी रिसोर्ट काव्या सञ्चालनमा ल्याएका छन्। यस्तै, नीलगिरि खोलामा जलविद्युत् आयोजना निर्माण भइरहेको छ। एस होटेल ग्रुप र सिई ग्रुपसँग सहकार्य गरेर नगरकोटमै एकीकृत पर्यटकीय गन्तव्य 'हब' बनाउँदै छन्।

पाण्डेले सन् १९८६ मा आइएमएफको तालिममा अमेरिकामा जाँदा निजी क्षेत्रले पनि बैंक चलाउन सक्छ भन्ने देखे। र, बैंकिङ उद्यमी बन्ने सपना बुन्न थाले। पञ्चायतकालमा देशमा लाइसेन्स राज थियो। बैंक खोल्न प्रक्रिया त अगाडि बढाए, तर लाइसेन्स पाउन सकेनन्। देशमा प्रजातन्त्र आएपछि सपनाले मूर्तता पायो। र, सन् १९९२ मा हिमालयन बैंक खुल्यो। जसको नेतृत्व ससुरा बुबा हिमालयशमशेर राणाले गरे। पछि हिमालयन बैंक छाडेर तत्कालीन इन्डस्वेज बैंकको सेयर खरिद गरेर सबै नेपाली लगानीकर्ता राखेर बैंक चलाए। जुन नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका रूपमा परिचित छ। बैंकिङबाट सुरु भएको उनको व्यावसायिक यात्रा पर्यटन, हाइड्रो, मल, शिक्षा र रियल इस्टेटलगायत क्षेत्रमा लम्किरहेको छ।

होटेलियर कर्ण शाक्य कुनै बेला वन प्रशासनका कर्मचारी थिए। उनले वन्यजीव अधिकारीका रूपमा देशकै पहिलो राष्ट्रिय पार्क स्थापना गर्न भूमिका खेले। सन् १९७० मा सरकारी जागिरबाट हात झिकेर उनी पर्यटन व्यवसाण्यमा प्रवेश गरेका हुन्।

ठमेलको काठमाडौं गेस्टहाउसबाट सुरु भएको उनको व्यवसाय पोखरा, चितवनदेखि लुम्बिनीसम्म फैलिएको छ। पर्यावरणविद् र संरक्षणवादी अभियन्ता उनका सातवटा होटेल तथा रिसोर्ट सञ्चालनमा छन्। उनी नेपाली पर्यटनका खम्बा मानिन्छन्।

ठमेललाई पर्यटकीय गन्तव्य बनाउने श्रेय उनैलाई जान्छ। पछिल्लो समय नयाँ पुस्तालाई उद्यमशीलता र सकारात्मक सोचको विकास गराउने अभियान चलाउँदै आएका उनका सोच, मोज, खोजलगायत चर्चित पुस्तक प्रकाशित छन्।

उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष प्रदीपजंग पाण्डे विगतमा खानेपानी संस्थानका कर्मचारी थिए। जागिर छाडेर उद्यममा जोडिए, त्यसैले सफलताको शिखरमा पुऱ्यायो। चार दशकमा थुप्रै कम्पनी स्थापना गरेका छन्।

पाण्डे परिवारको कसमस सिमेन्ट, सिटिजन्स बैंक, लोमस फर्मास्युटिकल्स (औषधि उद्योग), ऊर्जा, इन्स्योरेन्स, इन्भेस्टमेन्ट कम्पनी, हेलिकोप्टरलगायत सञ्चालनमा छन्। उनका तीन छोरा पनि उद्योग व्यवसायमा सक्रिय छन्।

सहरीया उपभोक्ताको बजारमा पसल चहार्दै बार्गेनिङ गरेर किनमेल गर्ने परिपाटी बिस्तारै घट्दै छ। एउटै छानामुनि आफूलाई आवश्यक सामान किनमेल गर्ने संस्कृति बढ्दै छ। पश्चिमा देशमा हुर्किएको आधुनिक किनमेल शैलीलाई नेपाल भित्र्याउने श्रेय भाटभटेनी सुपर मार्केट लाई जान्छ। नेपाल बैंकको जागिर छाडेर व्यवसायमा होमिएका यसका सञ्चालक मीनबहादुर गुरुङले नेपालीको किनमेल शैली नै परिवर्तन गरिदिएका छन्।

सानो किराना पसलबाट व्यापार सुरु गरेका गुरुङ नेपालमा चेन सुपरमार्केटका ट्रेन्ड सेटर बनेका छन्। भाटभटेनी उपत्यकासहित पोखरा, नेपालगन्ज, बुटवल, भैरहवा, चितवन, हेटौंडा, वीरगन्ज, जनकपुर, विराटनगर, इटहरी, दमकलगायत देशका मुख्य सहरमा फैलिसकेको छ। र, फैलिने क्रम जारी छ।

गुरुङले राजधानीमा मात्र होइन्, मोफसलका उपभोक्ताको सपिङ कल्चरमा पनि आमूल परिवर्तन ल्याइदिए। भाटभटेनीका देशभर २७ आउटलेट पुगेका छन्, जहाँ करिब पाँच हजार कर्मचारी कार्यरत छ, जसमध्ये अधिकांश महिला छन्। भाटभटेनीको वार्षिक कारोबार करिब ३० अर्बभन्दा बढी पुगेको छ।

भवानी राणा नेपाल उद्योग वाणिज्य महासंघको पहिलो महिला अध्यक्ष हुन्। उनी पर्यटन, कृषि, बैंक-वित्त, बिमालगायत क्षेत्रमा आबद्ध छिन्। उनी कुनै वेला अमेरिकी दूतावासमा जागिरे थिइन्। लखनउबाट स्नातकोत्तर गरेर फर्किएर दूतावासमा पाँच वर्षसम्म काम गरेपछि दिदीसँग गार्मेन्ट व्यवसाय सुरु गरेकी थिइन्।

दिदीसँगै इभेन्ट म्यानेजमेन्टको काम पनि थालिन्। अहिले गार्मेन्ट व्यवसाय छैन। भारतमा पढ्दा उनको नेपालगन्जका स्नेहा होटेलका मालिक अशित राणासँग चिनापर्ची भयो। त्यो चिनापर्ची प्रेममा परिणत हुँदै विवाह बन्धनमा बाँधिन पुग्यो। त्यसपछि उनी परिवारको हस्पिटालिटी व्यवसायमा जोडिन पुगिन्। हाल उनी नेपाल लगानी बोर्डको निजी क्षेत्रका तर्फबाट प्रतिनिधित्व गरिरहेकी छिन्।

पर्यटन क्षेत्रका अग्रणी व्यवसायी वसन्त मिश्र कुनै समय समय गोर्खा ट्राभल र सफारी पर्यटनको पायोनियर टाइगर टप्सका जागिरे थिए। काठमाडौंका रैथाने, अंग्रेजी जान्ने हुनाले जागिरको समस्या थिएन। स्नातक पास गरेपछि युरोप घुमेर फर्किएर सन् १९७७ मा गोर्खा ट्राभलमा सिनियर टुर अफिसरका रूपमा काम गर्न थाले। एक वर्षजति काम गरेर फेरि टाइगर टप्स ज्वाइन गरे। त्यतिवेला टाइगर टप्सको सान नै अर्कै थियो।

टाइगर टप्समा पनि टुर र मार्केटिङमै काम गरेको उनले बताए। 'त्यसवेला टाइगर टप्स र गोर्खा ट्राभल नामी मानिन्थे,' उनी भन्छन्, 'आफ्नै ट्राभल कम्पनी खोल्नका लागि काम सिक्नु थियो।' पछि टाइगर टप्ससँगकै साझेदारीमा एडभेन्चर ट्राभल खोले। त्यहाँ साढे आठ वर्ष काम गरेपछि उनले सन् १९८८ एकल लगानीमै भेन्चर ट्राभल खोले, जुन अहिले पनि छ।

मिश्रले जंगलभित्र सन् १९९० टेम्पल टाइगर रिसोर्ट खोले। भित्रको रिसोर्ट बन्द गराइएपछि निकुञ्जबाहिर अमलटारीमा सोही नाममै सफारी रिसोर्ट सञ्चालनमा ल्याए। उनको ठमेलमा अपार्टमेन्ट होटेल सञ्चालनमा छ। कुपन्डोलमा १५ कोठाको लक्जरी बुटिक होटेल सञ्चालन गर्दै छन्। उनको टेम्पल टाइगर ट्रेकिङ एन्ड एक्सपिडिसन र माउन्टेन भ्युअर भेन्चर कम्पनी पनि सञ्चालनमा छन्। त्यतिवेलाका चल्तीका ट्राभल कम्पनीमा सिकेको सीपले मिश्रलाई पर्यटन क्षेत्रकै अग्रणी व्यवसायीका रूपमा स्थापित गरायो।

नेपालको शिक्षा क्षेत्रमा स्थापित नाम हो, उमेश श्रेष्ठ। शैक्षिक व्यवसायमा होमिनुअघि उनी शिक्षा निर्देशनालयमा विद्यालय निरीक्षकको जागिरे थिए। पछि उनले ज्ञानोदय स्कुलमा पनि काम गरे। उनलाई जागिरे हुनुभन्दा शिक्षाकै व्यवसायमा जोडियो भने बढी सफलता मिल्छ भन्ने लाग्यो। शिक्षामा काम गर्दा स्कुलको आइडिया पनि भयो।

ज्ञान र सीपविना केही हुँदैनथ्यो। देश विकासका लागि पनि पढालेखा जनशक्ति चाहिन्थ्यो। उनले स्कुलको भविष्य राम्रो देखे। भर्खर निजी क्षेत्रलाई पनि स्कुल चलाउन लाइसेन्स दिइँदै थियो। ०३७ मा खाइपाइ आएको जागिर चटक्कै छाडेर उनले ज्ञान बाँड्नुपर्छ भनेर लिटिल एन्जल्स स्कुल खोले।

'त्यसवेला नयाँ स्कुलको लाइसेन्स पाउनेमा हामी पहिलो लटका हौं,' उनी भन्छन्, 'सानो स्कुलबाट सुरु गरेको हुँ, अहिले लिटिल एन्जल्स एजुकेसन ग्रुपअन्तर्गत सातवटा स्कुल-कलेज सञ्चालनमा छन्।' उनको लगानी पर्यटन, ऊर्जा, बैंकिङ, होटेल, रियल इस्टेट, स्वास्थ्यलगायत क्षेत्रमा फैलिएको छ। उनका आधा दर्जनभन्दा बढी जलविद्युत् आयोजना र होटेल सञ्चालनमा छन्। कृषि फार्ममा पनि लगानी छ। निजी तथा सामुदायिक अस्पतालमा पनि लगानी रहेको छ।

श्रेष्ठ सांसद र राज्यमन्त्रीसमेत बनिसकेका छन्। यस्तै, निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) र निजी उच्च माध्यमिक विद्यालयहरूको संगठन (हिसान)का पूर्वअध्यक्ष पनि हुन्। ५२ वर्षअघि एसएलसी दिएर काठमाडौं प्रवेश गरेका उनको सफलता लोभलाग्दो छ।

सेयरका खेलाडी अम्बिकाप्रसाद पौडेल कुनै वेला लेखा अधिकृत थिए। सरकारी सेवामा करिब दश वर्ष बिताएका उनले जागिरसँगै सेयरमा पनि लगानी गर्थे। सुरुवाती दिनमा नोक्सानी व्यहोरे पनि सेयर बजार उनको प्यासन बन्दै गयो। र, उनी ०६५ मा सकारी जागिरबाट हात झिकेर पुँजीबजार पूर्णकालीन बन्न पुगे।

कलेज जीवनमै बैंकको आइपिओमा लगानी गरेर सेयर बजारमा छिरेका उनी नेपाल टेलिकम, एनआरएन इन्भेस्टमेन्ट, चन्द्रागिरि, हिमालय पावर पार्टनर, आइजिआई, हाथवेलगायत दुई दर्जनभन्दा बढी कम्पनीमा आबद्ध छन्।

पौडेल सेयर लगानीकर्ताको संस्था नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष हुन्। हाल नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय कार्यकारिणी सदस्य एवं महासंघकै पुँजीबजार फोरमका सभापति छन्। उनी सेयर बजारका सक्रिय खेलाडी मानिन्छन्। हालै बुढानीलकण्ठमा साझेदारीमा पाँचतारे लेमन ट्री होटेल सञ्चालनमा ल्याएका छन्। रुपन्देहीमा हाइलाइफ ब्रान्डको एफएमसिजी उद्योग सञ्चालनमा छ।

बैंकमा प्रमुख कार्यकारी अधिकृत (सिइओ) हुँदै किशोर महर्जनले झमेलमा जिजी मचान रेस्टुरेन्ट खोलेका थिए। ३३ वर्ष बैंकिङ करिअरबाट विश्राम लिएपछि उनले हस्पिटल, कलेजदेखि कृषिसम्म लगानी फैलाउन भ्याए। उनी सात वर्षअघि सिभिल बैंकबाट रिटायर्ड भएका थिए। सानेपाको स्टार हस्पिटलमा कार्यकारी अध्यक्ष छन्। स्टारमा जोडिएको पाँच वर्ष भएको उनको भनाइ छ।

स्टार हस्पिटलअन्तर्गत मोडर्न टेक्निकल कलेज, स्टार एकेडेमी र इनोभेटिभ कलेज अफ हेल्थ साइन्सेज सञ्चालनमा छन्। यस्तै, बानेश्वरमा केएफए बिजनेस स्कुल चलाउँछन्। नुवाकोटमा स्टार नुवाकोट हस्पिटल खोलेका छन्। 'बैंकमै हुँदै रेस्टुरेन्ट खोलियो, बैंक छाडेपछि अरू केही गरौं भन्ने लाग्यो,' उनले भने, 'सिराहामा केएफए एग्रो फार्म पनि सञ्चालनमा छ।

नेपाल उद्योग परिसंघ (सिएनआई)का पूर्वअध्यक्ष नरेन्द्रकुमार बस्न्यात कुनै समय सरकारी जागिरे थिए। जागिरे जीवनबाट उद्यमी हुँदै उनले उद्योगीहरूको छाता संस्था सिएनआईको नेतृत्व गर्न भ्याए। उनी लिकरलगायत व्यवसायमा आबद्ध रहेको बताइन्छ।

अरू पनि छन्...

विराटनगरका विष्णुप्रसाद आचार्य बैंकको जागिर छाडेर माछा पालनमा लागेका छन्। पाँचजनाको टोलीले ४० करोड लगानीमा १५० बिघामा माछा पालिरहेको छ। आशंसा थापा र विशाखा राणाले जागिर छाडेर 'आरा' ब्रान्डमा हातैले बनाएका डिजाइनदार चप्पल उत्पादन गर्छन्। गैरसरकारी संस्थामा जागिरे आयुषा श्रेष्ठले नेपालीपन झल्किने गरगहनाको व्यवसाय सुरु गरेकी छिन्। देशैभर यस्ता धेरै उदाहरण छन्।

श्री कास्की जिल्ला अदालतबाट पास भएको अधिकृत वारेसनामा बदर गरिएको सूचना

गण्डकी प्रदेश कास्की जिल्ला सावित चापाकोट गा.वि.स. वडा नं. ३ को परिवर्तित ऐ. पो.म.न.पा. वडा नं. २३ बस्ने हर्कबहादुरको छोराबुहारी रिखी बहादुरको पत्नी वर्ष ७० की लक्ष्मी देवी रानामगर (ना.प्र. नं. २२०, मिति २०४७/०४/०४, जि.प्र.का., कास्की) र ऐ.ऐ. बस्ने गिरीप्रसाद गुरुङको छोरी हर्कबहादुरको छोराबुहारी जितबहादुर रानाको पत्नी वर्ष ४८ को उमा रानामगर (ना.प्र.नं ४७०५१, मिति २०५३/०५/०४, जि.प्र.का. कास्की) गरि हामी दुई जनाले मिति २०८०/१२/२६ गते तपाई गण्डकी प्रदेश कास्की जिल्ला सावित लेखनाथ न.पा. वडा नं. ३ को परिवर्तित ऐ. पो.म.न.पा. वडा नं. २६ बस्ने लालबहादुरको नाति टोपबहादुर कुमालको छोरा वर्ष २८ को मनोज कुमाल (ना. प्र. नं. ४६-०१-६९-०३७५६, मिति २०६९/०९/१८, जि.प्र.का., कास्की) लाई मुलुकी देवानी कार्याविधी संहिता २०७४ को दफा १५३ (१) र (२) बमोजिम हामी लक्ष्मी देवी रानामगर र उमा रानामगरको नाउँमा ज.ध.प्र.पु. हकभोग भएको, प्राईम कर्मसियल बैंकबाट धितोवन्धक तथा रोक्कामा रहेको, ऐ. ऐ. कास्की जिल्ला सावित चापाकोट गा.वि.स. वडा नं. ३ को परिवर्तित ऐं पो.म.न.पा. वडा नं २३ को नक्सा (सि.नं ०९३०८३२०० को कि.नं. १९५६, क्षे.फ. ३-०-०-० र कि.नं १९५३ क्षे.फ. २-११-१-२ को कित्ता जग्गा १ गरि जम्मा २ कित्ता जग्गा उक्त बैकबाट फुकुवा गरि हाम्रो हक छाडी सुकि बिक्री राजिनामा गर्नुपर्ने भएको र हामी उपचारको लागि विदेश भारत जानु पर्ने भएकोले भनेका बखत रजिष्ट्रेशन गर्ने कार्यालयमा हामी आफै उपस्थित हुन असमर्थ भएको हुनाले उक्त कार्य गर्नका लागि अधिकृत वारेश दिएकोमा मुलुकी देवानी कार्याविधी संहिता २०७४ को दफा १५५ (ग) बमोजिम उल्लेखित मितिमा तपाईलाई दिएको अधिकृत वारेसनामा आजैका मिति देखि बदर गरिएको सूचना प्रकाशित गरिएको छ।

राष्ट्रिय सहकारी विकास बोर्ड
National Cooperative Developent Board
पुल्चोक, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०८

यस बोर्डको स्वामित्वमा रहेको भरतपुर महानगरपालिका वडा न. ९, चितवन स्थित २ विगाहा ९ कट्ठा ११ धुर खाली जग्गामा निर्माण गर्नुपर्ने सम्बन्धी "**Construction of Boundary wall with chain Link Fencing in Land of National Cooperative Develpoment Board at Bharatpur-9, Chitwan & Contract No:– NCDB/works/01/2080-81**" मिति २०८०/१०/२५ गतेको राष्ट्रिय नयाँ पत्रिका दैनिकमा र www.bolpatra.gov.np/egp मार्फत प्रकाशित भएको बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्वक समयभित्र पेश हुनआएका बोलपत्रहरु मध्ये श्री Gupta Construction Pvt.Ltd., Birgunj-12, Murlidin ले रकम रु.२२,१६,२३१.०२ (मु.अ.कर सहित) कबोल गरेकोले उक्त बोलपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

पहिलो चरणमा...

« पृष्ठ १ बाट क्रमशः

पहिलो चरणमा राजस्थानका १२, उत्तर प्रदेशका आठ, मध्यप्रदेशका ६, बिहारका चार, पश्चिम बंगालका तीन, आसम र महाराष्ट्रका पाँच, मणिपुरका दुई र त्रिपुरा, जम्मु-कस्मिर र छत्तिसगढका एक-एक सिटमा मतदान भएको हो। यसैगरी, तमिलनाडु (३९), मेघालय (२), उत्तराखण्ड (५), अरुणाचल प्रदेश (२), अन्डमान निकोबार टापु (१), मिजोरम (१), नागाल्यान्ड (१), पुडुचेरी (१), सिक्किम (१) र लक्षद्वीप (१) को सबै लोकसभा सिटमा पनि मतदान भएको छ। भारतमा १ जुनसम्म सात चरणमा लोकसभा निर्वाचन हुनेछ। त्यसपछि मतगणना सुरु हुनेछ।

नेसनल पेमेन्ट...

« पृष्ठ १ बाट क्रमशः

सम्भाव्यता अध्ययन गरी पेस भएको प्रतिवेदनका आधारमा उक्त एनआइटिसीका तत्कालीन कार्यकारी निर्देशकबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० (२) को आधारमा तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवसमक्ष आशयपत्र स्वीकृतिका लागि पेस गरी स्वीकृत भएको देखिन्छ,' विशेषले राय किताबमा उल्लेख गरेको छ।

परामर्श सेवा खरिदका लागि पौडेलले केन्द्रका तर्फबाट सिएमए स्मल सिस्टमएबीसँग परामर्श सेवा खरिदको सम्झौता गरेका थिए। विशेषले फैसलामा थप भनेको छ, 'तत्पश्चात् परामर्श सेवा गरी प्रतिवादीले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी २३ करोड २७ लाख ५८ हजार ७७ भुक्तानी गरेको देखिन्छ। उक्त रकम भुक्तानी गरी खरिद गरिएको सफ्टवेयर सञ्चालनमा ल्याउनुपर्ने जिम्मेवारी संस्था प्रम

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ८ वैशाख ०८१
nayapatrikaofficial @naya_patrika

आख्यानकार मुकारुङलाई चलचित्र निर्देशक सुब्बाको प्रश्न

सत्ताको ह्युमपाइपमा छिर्नुभयो, दुरुस्तै निस्कनुहुन्छ ?

करिब साढे दुई दशकअघि तीन युवा कविहरू राजन मुकारुङ, उपेन्द्र सुब्बा र हाङ्युग अज्ञात राजधानी पसे । उनीहरूले 'सिर्जनशील अराजक'को अवधारणा अघि सारेर साहित्यिक दुनियाँमा एक किसिमको तरंग नै ल्याए । ०६० र ०७० को दशकमा पहिचानवादी साहित्यमा उनीहरूको भूमिका अग्रणी रह्यो । कविता, कथा, निबन्ध, उपन्यासमार्फत पहिचानवादी साहित्य लेखिरहेका यी तीन कवि अढाइ दशकपछि भने 'अलग' बाटोमा लागे । अज्ञात प्रवासी जीवन त्यागेर गाउँमै 'कविकुटी' बनाएर बस्न थाले भने सुब्बा 'जारी' 'मनसरा' फिल्म निर्देशन गर्दै निर्देशकको रूपमा फिल्मी दुनियाँमा प्रवेश गरे । यता मुकारुङ प्रज्ञा प्रतिष्ठानको प्राज्ञ बने र 'खुवालुङ', 'बाखाम्मा' नाटक लेख्दै रंगमञ्चतिर व्यस्त हुन थाले । चलचित्र निर्देशक सुब्बाका प्रश्नमा आख्यानकार मुकारुङले तीन दोस्तको सहयात्रा र सम्बन्धबारे धेरै कुरा बताएका छन् :



आख्यानकार **राजन मुकारुङ**

निर्देशक **उपेन्द्र सुब्बा**

तपाईंले आजसम्म आख्यान, कविता, गीत लेख्नुभयो । संगीत पनि भर्नुभयो । पछिल्लो समय नाटकमा 'होलटाइमर' नै हुनुभएको छ । खासमा तपाई आफूलाई के भनेर चिनाउन रुचाउनुहुन्छ ?

जुन-जुन विधामा काम गरियो, त्यो विधाप्रति प्रेम र माया नहुने कुरै भएन । र, सबै हुँ भनेर चिनिने लोभ त हुँदो रहेछ । पछिल्लो समय नाटकमा बढी समय दिइरहेको छु । नाटकमा धेरै कुरा देखाउन पाइने रहेछ । फिक्सन, मिथ, लाइट, गीत-संगीत सबै मिसाएर नाटकमा काम गरिरहँदा समाजको भनै नजिक पुगियो भन्ने महसुस हुने रहेछ । त्यसैले मलाई नाटककार भनेर चिनिदिएहुन्थ्यो भन्ने लाग्छ । अहिलेसम्म ६ वटा नाटक लेखिसकें । नाटक पनि चलेकै छ । तर, नाटककार भन्दैनन् ।

'सिर्जनशील अराजकता'मा हामी तीनजना (तपाईं, हाङ्युगजी र म) थियौं । हाङ्युगजीलाई वैचारिक र दार्शनिक चेत भएको मान्छेको रूपमा लिन्छौं । तपाईं स्वभावैले राजनीतिक रूपले प्रतिरोधी चेत भएको मान्छे । तर, तपाईंलाई मान्छेहरूले साह्रै छुच्चोभन्दा रहेछन् । तपाईं आफूलाई चाहिं छुच्चो छु जस्तो लाग्छ ?

तपाईं र मेरो संगत भएको दशकौं बितिसक्यो । म छुच्चो छु-छैन, तपाईंलाई पनि थाहा छ । मेरो धेरै नजिक भएका हाङ्युगजी, स्वरस्वती प्रतीक्षा र तपाईंहरूले मलाई 'लाटो' भन्नुहुन्छ । लागेको कुरा फ्याट्टै भन्ने मनमा नराख्ने स्वभाव छ मेरो । म मालिकवाद रुचाउँदिनँ । अग्रजहरूले भनेको सबै कुरा मान्नैपर्छ भन्ने चेतबाट गुज्रिएर आइनँ । पहिलेदेखि नै मलाई कसैले 'तैंले यसो गर्नुपर्छ' भन्दा किन गर्ने ? यसको कारण देखाउनुस् भन्थें । जब प्रश्न गर्न थालें, त्यसपछि मलाई छुच्चो भने होलान् । आफू सहमत र असहमत दुवै अवस्थामा प्रश्न सोध्न सकिन्छ । मेरो यही प्रश्न गर्ने स्वभावलाई मानिसले छुच्चोपन देखे । 'कन्भिन्स' नहुन्जेलसम्म प्रतिवाद गरिरहें । प्रतिवाद गर्नेलाई प्रतिरोधी चेत भन्ने गरिन्छ । सायद त्यही भएर पनि मलाई छुच्चो भनिएको होला । मसँग प्रतिरोधी चेतचाहिं छ ।

> तपाईंको लोभलाग्दो पपुलारिटीपछि चाहिं मलाई पनि लोभ लागेको हो । तर, मेसो पाइरहेको छैन । मेसो पाए आउँथें । अहिले बजारमा तपाईंसँग हिंड्दा तपाईंलाई कवि उपेन्द्र सुब्बा भनेर कसैले फोटो खिच्दैनन् । झाँक्री बा भनेर तानेर लगिहाल्छन् । हिजो कवि भनेर बनाएको साथी यसो हेर्छु, फिल्मको पात्रमार्फत पपुलर छ, यस्तो देख्दा मलाई पनि कम्ती लोभ लाग्दैन ।

म फिल्मतिर लागें, तपाईं नाटकतिर लाग्नुभयो । कतिपयले सिर्जनशील अराजकता बरालियो पनि भन्दा रहेछन् नि ! तपाईंको त भाइपुस्ताहरूसँग पनि राम्रो उठबस छ । हाम्रो सिर्जनशील अराजकता बरालिएकै हो ?

हामी सुरुमा साहित्यिक कर्मबाट अभियानमा लाग्यौं । आन्दोलनमा लाग्यौं । हामी सिर्जनात्मक क्षमताबाट नै अघि बढेका हौं । जे-जति गर्‍यौं सिर्जनात्मक रूपबाट प्रतिरोध गर्नुपर्छ र आन्दोलन गर्नुपर्छ भन्ने चेतका साथ गर्‍यौं । समयक्रमले हामीलाई पनि विकसित गर्दै लग्यो । कलाको सम्पूर्ण माध्यमबाट हाम्रो चेतनलाई विस्तार गर्नुपर्छ भन्ने हाम्रो बुझाइ भयो । बुझाइ भएकै कारण हामीले नाटक गर्‍यौं, तपाईंले सिनेमा बनाउनुभयो । गीत पनि लेखियो । यो सबै काम गर्नुका पछाडि विशुद्ध साहित्य सिर्जना मात्र होइन, सिंगै सांस्कृतिक अभियान र आन्दोलनमार्फत कलाको सबै पक्षबाट हामी हाम्रो चेतलाई विस्तार गर्यौं । सिर्जनामार्फत आन्दोलनलाई अगाडि बढायौं । यसरी हामी भनै फैलिएका छौं, कसरी बरालियौं र ? यो त गलत बुझाइ हो ।

नयाँ पुस्ता प्रतिरोधी चेतसहित आइरहेका छन् । तर, विशुद्ध साहित्यिक मात्रै देखिएका छन् । उनीहरूले आफूलाई बृहत्तर बनाउन जरुरी छ । हामी सीमित व्यक्ति मात्रै स्थापित भएर हुँदैन । हाम्रो आन्दोलन र हामीले बोकेका मुद्दा स्थापित हुनुपर्छ । त्यसका लागि सबै विधाबाट जाने प्रयत्न गरिरहेका छौं । सिनेमा, नाटक, गीत, संगीत सबै माध्यमबाट हाम्रो कुरा भन्न खोजिरहेका छौं । नयाँ पुस्ता त्यो ठाउँमा आइपुग्छन् नै, योभन्दा अझै अगाडि जानुपर्छ ।

तपाईं फिल्मतिर आउने कत्तिको सम्भावना छ ?

तपाईंको लोभलाग्दो पपुलारिटीपछि चाहिं मलाई पनि लोभ लागेको हो । तर, मेसो पाइरहेको छैन । मेसो पाए आउँथें । अहिले बजारमा तपाईंसँग हिंड्दा तपाईंलाई कवि उपेन्द्र सुब्बा भनेर कसैले फोटो खिच्दैनन् । झाँक्री बा भनेर तानेर लगिहाल्छन् । हिजो कवि भनेर बनाएको साथी यसो हेर्छु, फिल्मको पात्रमार्फत पपुलर छ, यस्तो देख्दा मलाई पनि कम्ती लोभ लाग्दैन ।

अहिले तपाईं नाटकमा व्यस्त हुनुहुन्छ । हामीले भनेको सांस्कृतिक चेत नाटकमा कसरी आइरहेको छ ?

सांस्कृतिक चेतसहितको नाटक कम लेखिएको छ । काठमाडौं उपत्यकामा मात्रै पाँच-सातवटा नाटकघर होलान् । महिनामा सातवटा नाटक बन्दा एउटा पनि सांस्कृतिक नाटक बन्न गाह्रो छ । बरु चारवटाजति विदेशी नाटक अनुवाद गरिन्छ । नेपालमा यति धेरै मौलिक संस्कृति छन्, मौलिक कथा छन्, त्यसलाई कलेक्ट गर्न रंगकर्मी साथीहरूलाई साह्रै अल्छी लाग्छ । उनीहरूलाई 'बोर' हुन्छ । त्यसकारण नेपाली रंगकर्ममा सांस्कृतिक चेत छ भन्दिनँ । त्यो दिन मात्रै भन्छु, जुन दिन उनीहरूले साँच्चै नेपाली नाटक बनाउने प्रयत्न गर्नेछन् । भोलि फिल्मतिर चान्स पाइन्छ भनेर रंगकर्ममा आउने धेरै छन् । तर, चेतसहितको आगमन छैन । सिद्धहस्त भनिएका रंगकर्मी नै विदेशी नाटक मञ्चन गर्ने र त्यसको प्रमोसन कसरी गर्ने भनेर लागिरहेका छन् ।

नेपाली सिनेमामा चाहिं सांस्कृतिक चेत, समाज चेत र समय चेत कस्तो देख्नुहुन्छ ?

पछिल्लो समय सिनेमामा तपाईंलगायत केही साथीहरू लागिराख्नुभएको छ । तर, इमानदारीपूर्वक भन्दा तपाईंहरू पनि पूर्ण चेत र विश्वाससहित होइन, आफ्नो संस्कृतिलाई अलिकति त्याऊँ र त्यसबाट पनि बिजनेस गरौं भन्ने ढंगले अघि बढिरहनुभएको छ । केही राम्रो प्रयत्नचाहिं तपाईंहरूले गरेको देखिन्छ ।

तपाईंले चाहेजस्तो विषयमा मैले फिल्म बनाएँ भने तपाईं आफ्ना लागि कस्तो रोलको आशा राख्नुहुन्छ ?

मलाई 'मनसरा'को स्क्रिप्ट पढ्दा 'केयरसिंह' भन्ने पात्र खुब मन परेको थियो । त्यो 'केयरसिंह' भन्ने पात्र खेल्नुपर्‍यो भनेर सोचेको थिएँ । तपाईंलाई मैले त्यो पात्र कसले गर्दै छ भनेर सोध्दा 'म आफैं हान्ने हो' भन्नुभयो । त्यसपछि म चुप लागें । त्यो सानदार लागेको पात्र छुटाइहालियो । अब अर्को सिनेमाचाहिं बल गरौंला ।

मैले 'जारी', 'लाटोपहाड' 'खोलाको गीत'मार्फत केही कोसिस गरें । तपाईंले 'हेल्काकुप्पा', 'खुवालुङ', 'बाखाम्मा'मार्फत आफ्ना कथा भन्दै आउनुभएको छ । यी काममार्फत खासमा हामी के भन्न खोजिरहेका छौं ?

हामी यो क्षेत्रमा लहडले आएका होइनौं । अरूका कृति पढेर र आन्दोलन हेरेर आएका हौं । अरूले लेखेका कृतिमा हामीलाई नभेटेपछि हामी आफैं लेख्न आएका हौं । आफ्नो कथा अरूले नभन्ने रहेछ । आफ्नो कथा आफैं भन्नुपर्ने रहेछ भन्ने बुझाइका साथ हामी जराका कथा भन्न आइपुगेका हौं । हामी हाम्रो संस्कृतिलाई उत्खनन गर्दै छौं । आफ्नो पहिचानलाई प्रेम गर्नु भनेको जडतातिर फर्किनु होइन ।

हामीभित्र पनि जटिलता छन् । ती जटिलतालाई कसरी निस्तेज गर्न सक्छौं ? हामीभित्र रहेका सकारात्मक पक्ष र प्रगतिशील पक्षलाई कसरी प्रवर्द्धन गर्न सक्छौं ? हाम्रो समाज र समुदायलाई अझ कसरी गतिशील बनाउन सक्छौं भन्ने सकारात्मक ध्येयका साथ हामी लेखिरहेका छौं ।





> हामी भेट्दा गम्भीर हुन्छौं । तर, हाम्रो गम्भीरताले मानिसलाई सोचमग्न नबनाओस् भन्ने सोचले जहिल्यै हास्यरसबाट गफ गछौं । हामी दुःखका गफ गर्दैनौं । दुःख र पीडा त छँदै छ नि ! तर, हामी दुःखी कहिल्यै भएनौं । अहिलेसम्म तपाईं र मेरो दुःखद क्षण आएको छैन ।

संसारभर साहित्य र कला क्षेत्रमा जे-जति काम भएका छन्, हरेक स्रष्टाले आफ्नो समुदाय र जरा खोजेरै लेखेका छन् । आफ्नो संस्कृतिको भाव र सौन्दर्य चेतलाई समाएर उनीहरू अगाडि आएका छन् । जुनसुकै स्रष्टाले आफ्नो समुदाय र जरालाई समात्ने प्रयत्न गर्ने हो । हामी पनि हाम्रो समुदायबाट हुर्किएर आयौं । जसरी हाम्रो सांस्कृतिक र सौन्दर्य चेत निर्माण भयो, ती कुरा हामीले भन्दै आइरहेका छौं ।

अहिले तपाईं प्रज्ञा प्रतिष्ठानको प्राज्ञ पनि हुनुहुन्छ । सत्ताको ह्युमपाइपमा छिरेपछि मान्छे दुरुस्तै निस्किँदैन भन्ने भनाइ पनि छ । 'म दुरुस्तै निस्किन्छु' भन्ने तपाईंलाई कत्तिको आत्मविश्वास छ ?

त्यहाँ पसेर विचेत हुने चान्स नै छैन । चार वर्ष त्यहाँ बस्दा अलि-अलि शरीरको आदत बिग्रिएला । मैले लिनुपर्ने चेतना हो । चेतनाचाहिं बिग्रिँदैन ।

म कुनै पनि पार्टीको सदस्यको हैसियतले प्राज्ञ भएको होइन । सांस्कृतिक आन्दोलन र अभियानबाट आफूलाई जे-जति उभ्याउन सकें, त्यसैका आधारमा सायद मलाई सिफारिस गरिएको हो । त्यहाँ गएपछि पार्टीलाई यति लेबी बुझाउनुपर्छ भन्ने ढंगले गएको हो भने सायद बिग्रिएर फर्किन सक्छु होला । म त्यसरी नगएको हुनाले त्यहाँ गएर पनि आन्दोलन नै गरिरहेको छु । त्यहाँ मैले मातृभाषा साहित्य विभाग हेरिरहेको छु । प्रत्येक महिना मातृभाषा साहित्यको छलफल चलाउँछु, विमर्श गराउँछु । त्यहाँ कविता वाचन हुन्छन् । कुन-कुन भाषाको अवस्था कस्तो रहेछ ? त्यहाँको साहित्य कसरी बढिरहेको रहेछ ? कस्तो हुँदो रहेछ हाम्रो लोकजीवनको साहित्य ? त्यहाँ त भन् आफ्नो आन्दोलनमा ठूलो टेवा पुगिरहेको महसुस हुनुपर्ने हो । त्यहाँ पुगेर कसरी बिग्रिएर फर्किन्छु होला ? मलाई त्यस्तो लाग्दैन ।

हामी लामो समयदेखि सँगसँगै छौं । सँगै हुँदाको बहुतै रमाइलो र बहुतै दुःखलाग्दो केही घटनाको सम्झना छ ?

हामी भेट्दा गम्भीर हुन्छौं । तर, हाम्रो गम्भीरताले मानिसलाई सोचमग्न नबनाओस् भन्ने सोचले जहिल्यै हास्यरसबाट गफ गर्छौं । हामी दुःखका गफ गर्दैनौं । दुःख र पीडा त छँदै छ नि ! तर, हामी दुःखी कहिल्यै भएनौं । अहिलेसम्म तपाईं र मेरो दुःखद क्षण आएको छैन । भेट्दा तपाईंले आफ्नै समुदायको कथा भन्नुहुन्छ । लिम्बू समुदायका क्यारेक्टर भन्नुहुन्छ । मलाई बडो स्वाद लाग्छ । दुःखको कथाले मानिसलाई रुवाउन सजिलो हुन्छ । तर, मानिसलाई हँसाउँदै त्यो हाँसोभित्र पनि दुःख भनिसकेर मानिसलाई थाहै नपाई रुवाउन सक्ने सौन्दर्य लिम्बू समुदायसँग छ । त्यो कला पनि तपाईंबाट सिक्दै छु ।

हामी सहरमा बसेर गाउँको कथा-कविता लेखिरहेका छौं । सहरमा पनि गाउँ नै सम्झेर बसियो, बाँचियो । हाङ्युगजी त इलाममै कविकुञ्ज बनाएर बस्नुभएको छ । मलाई पनि कहिलेकाहीं गाउँ नै जाऊँ कि जस्तो झोक चल्छ । तपाईंलाई चाहिं यस्तो लाग्दैन ?

गाउँ फर्किने रहर नभएको भए मैले काठमाडौंमा दलाली गरेर भए पनि घडेरी जोड्थें होला । गाउँमा पितापुर्खाको जमिन छँदै छ । त्यो जमिन कसले खाइदिने हो भन्ने चिन्ताले काठमाडौंमा घडेरी जोड्नतिर लागिएन । आफ्नै सिर्जना कर्म र अभियानमा लागियो ।

तर, अब मलाई गाउँले खेद्दै छ । मेरो जग्गा अरुण तेम्रोले खाइदिँदै छ । जति बच्छ, त्यसैमा बस्ने प्रयत्न हुन्छ । सायद जीवनमा हातखुट्टा नचल्दा दिमाग मधुर चल्दा गाउँ नै गएर बसिन्छ जस्तो लाग्छ । मेरो आमा कहिल्यै पनि सहरमा बस्न मान्नुहुन्थ्यो । तर, अहिले सहरै ल्याएर राखेको छु । आमाले गाउँ जाने रहर गरे पनि जान दिन्नँ । मलाई पनि भोलि यस्तै बाध्यकारी स्थिति बन्यो भने सहर बसिएला । तर, त्यति सारो सहर बस्दिनँ ।

तपाईंको नयाँ उपन्यास कहिले आउँछ ?

मलाई अहिले आफ्नै 'राइटिङ'मा विश्वास लाग्न छाडेको छ । दुई वर्षअघि नै मेरो उपन्यास सकिएको हो । तर, गतिलो लेखिनँ कि भन्ने लाग्ने । झन्डै एक लाख १३ हजार शब्दको लेखिसकें । तर, हेर्न बस्यो, दुई-तीन दिनमा हेरिसकिँदैन । त्यसपछि लय छुटिहाल्छ । फेरि सुरुदेखि नै हेर्नुपर्छ । समय दिन नसकेर पनि ढिला भयो । त्यत्तिकै छाप्दा पनि हुन्छ । तर, त्यसलाई छाँट्नुपर्ने छ, काट्नुपर्ने छ । अहिले फेरि नाटक 'बखाम्मा'को तयारी भइरहेको छ । यसले दुई महिनाजति समय खान्छ होला । यो नाटक सकिएपछि १५-२० दिन घोत्लिएँ भने असोजसम्म आउला कि ! यसो भन्दै ढाँटेको निकै वर्ष भइसक्यो ।

प्रस्तुति : **पवन बराइली**

मानिसलाई चित्रको सौन्दर्य महसुस हुन छाड्यो

पोर्चुगलका चर्चित कलाकार नेल्सन फरेराले काठमाडौंमा केही दिनअघि मात्रै प्लाटिग्लेम प्रविधिको प्रयोगमार्फत चित्रकला प्रदर्शन गरे । बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा गरिएको प्रदर्शनीमा उनले एकातर्फ बटाल्हा क्याथेड्रल र अर्कोतर्फ नेपालको मध्यकालीन समय झल्काउने देवी-देवताका कलाकृति राखेका थिए । फरेराले आफ्नो अनुभव **अन्वेषण अधिकारी**सँग साटेका छन् :



क्यानभास

● नेल्सन फरेरा

त्यसवेला म २१ वर्षको थिएँ । पोर्चुगलको ललितकला कलेजमा पढ्दै थिएँ । पैसा कमाउनका लागि त्यतिवेला मानिसका पोट्रेट तस्बिर बनाइदिन्थें । अझै पनि पोट्रेट बनाउँछु ।

एकपटक एक ग्राहकले मलाई पोट्रेट बनाउन लगाइन् । त्यसका लागि राम्रो पैसा पनि दिएकी थिइन् । तर, मेरो चित्रबाट उनी खुसी हुन सकिनन् । मेरो साथीले एक दिन मलाई खबर गरे, 'नेल्सन, तिमीले तस्बिर कोरेनौं । ठग्यौं भन्ने ग्राहकको आरोप छ ।'

ती महिलालाई मैले श्यामश्वेत फोटोग्राफीमा कलर पोतेर झुक्याएको भन्ने शंका लागेको रहेछ । यसपछि उक्त पेन्टिङ बोकेर उनी 'आत्मासँग साक्षात्कार गरेर' बोल्न सक्ने दाबी गर्ने एक व्यक्तिकहाँ गएकी रहिछन् । ती व्यक्तिले यसलाई ब्ल्याक एन्ड ह्वाइट फोटोमा पोतिएको पेन्ट नै हो भनेछन् ।

घटना सुनेपछि मैले ती साथीसँग भने, 'एक दिन केही साक्षी राखेर ती महिलासँग मलाई भेटाइदिनु, इरेजरले मेटाएर फेरि तस्बिर बनाएर वास्तविकता बुझाइदिनेछु ।'

ती साथीले थपे,'त्यसोभए इरेजर पनि उनलाई नै ल्याउन लगाउँछु । नत्र, तिमीसँग फोटो मेटाउन सक्ने विशेष इरेजर छ भनेर उनले अर्को शंका गर्नेछिन् ।'

भोलिपल्ट ती महिला पेन्सिल, इरेजर र चित्रसहित आइन् । धेरै मानिसले यो घटना प्रत्यक्ष नियालिरहेका थिए । मैले इरेजर समातेर नाक र आँखाको केही भाग मेटाएँ । त्यसपछि सबै सामुन्ने पेन्सिलले त्यस भागलाई पहिलेजस्तै गरी पेन्टिङ गर्ें ।

चित्र पहिलेजस्तै राम्रो देखियो । यसका लागि झन्डै ४० मिनेट लाग्यो होला । त्यसपछि उनी पक्का भइन् कि यो कुनै श्यामश्वेत फोटोमा गरिएको कलर रिटच नभएर मैले आफैंले बनाएको पेन्टिङ थियो । उनले तत्कालै माफी मागिन् । यस घटनापछि मेरो डिमान्ड अझै बढ्न थाल्यो ।

मैले अहिलेसम्म विश्वका ५० वटाभन्दा धेरै देश घुमिसकेको छु । पछिल्लो समय प्लाटिग्लेम प्रविधिमार्फत चित्र प्रदर्शन गरिरहेको छु । एसियामा बंगलादेश र नेपालमा यो प्रविधिमार्फत चित्र प्रदर्शन गर्ें ।

प्लाटिग्लेम प्रविधि पिगमेन्टस् वा पेन्ट दुवैमा निर्भर रहँदैन । प्रकाशको सहारामा यसले फरक इफेक्ट सिर्जना गर्छ । जसकारण, दर्शकलाई प्रत्यक्ष रूपमा तस्बिरमा इन्गेज हुन र ध्यान केन्द्रित गर्न मद्दत पुग्छ । प्रायजसो अवस्थामा आफ्नो ध्यानलाई अझै बढी केन्द्रित गर्न दर्शकले फ्ल्यासलाइट वा मोबाइल फोनको प्रयोग गर्छन् ।

नेपालमा पेन्टविनाको चित्र पहिलोपटक देखेकाले मानिसले अनौठो मानिरहेको पाएँ । नेपाल आर्ट काउन्सिलको कोठामा मैले दुईवटा कोठामा एकै समयका दुई फरक भूगोलका कलाकृतिलाई देखाउन खोजेको थिएँ । यसमा नेपाल र पोर्चुगलको संस्कृतिबीचका समानता र भिन्नता दर्शकले आफैं हेरेर महसुस गर्नुभयो ।

कोठाको एकातर्फ मैले नेपालका देवी-देवताका कला राखें । अर्कोतर्फ, पोर्चुगलको बटाल्हा क्याथेड्रल थियो । यी दुवै संरचना लगभग एकै समयका हुन् । यी दुवै युनेस्को विश्व सम्पदा सूचीमा रहेका क्षेत्र हुन् ।

नेपाल वास्तवमै विशेष ठाउँ हो । यहाँका मानिसमा उदासीनता, क्रोध र स्वार्थ कम देखिन्छ । सात वर्ष पहिले नेपाल आउँदा मलाई मन्दिरले आकर्षित गरेका थिए । यो देशमा अध्यात्म बाँचेको छ ।

पाटन दरबार स्क्वायर र काठमाडौं दरबार स्क्वायर र वरपरका केही मन्दिर अवलोकन गरेपछि आफ्नो ज्ञान प्रयोग गरेर मैले कलाकृति तयार गरेको हुँ । यसबीच ६० भन्दा बढी मन्दिर भ्रमण गर्ें । त्यसमध्ये आफ्नो हृदयमा गढेका केही चित्र तयार गरेको हुँ । मैले शिवको चित्र बनाएको छु । शिवमा मानिसजस्तै असल र खराब दुवै गुण छन् । अन्य धर्ममा भगवान्का राम्रा पक्ष मात्रै हुन्छन् । तर, शिवसँग करुणासँगै रिस पनि छ । यो मलाई विशेष लाग्छ । अजिंगर, सिंह, शिव, पार्वतीलगायत चित्र तयार गरेको छु । हिन्दू धर्ममा देवता, प्राणी र प्रकृतिबीच एक बलियो सम्बन्ध छ ।

मैले कोठाको अर्कोतर्फ, बटाल्हा क्याथेड्रलका तस्बिर राखेको थिएँ । यसले पोर्चुगलका लागि ऐतिहासिक महत्त्व राख्छ । १४औं शताब्दीमा स्पेनले पोर्चुगलमाथि आक्रमण गरेको थियो । त्यतिवेला थोरै संख्याका पोर्चुगिज सिपाहीले युद्ध जिते । त्यसैले राजाले देशमुक्तिका लागि भगवान्लाई धन्यवाद दिन यो क्याथेड्रल बनाए । यो पोर्चुगलको स्वतन्त्रताको प्रतीक हो । हुन त पोर्चुगलमा यस्ता धेरै क्याथेड्रल छन् । तर, सबैभन्दा सुन्दर ठाउँमध्ये बटाल्हा एक हो । यसलाई युनेस्कोले विश्वसम्पदा सूचीमा राखेको छ । काठमाडौंका ठाउँ पनि विश्वसम्पदा सूचीमा सूचीकृत छन् । सौन्दर्यको साझा परिभाषा हुन्छ भन्ने मलाई लाग्छ ।

नेपालीमा कलात्मक चेत

पश्चिमा संस्कृतिको प्रभाव धेरै फैलिरहेको यो समयमा पनि नेपाल आफ्नै बिरासत बोकेर बाँचिरहेको छ । सात वर्षअघि आउँदा नेपालीमा जुन मिठास देखेको थिएँ, त्यो अहिले पनि उस्तै पाएँ । प्रदर्शनीमा आउने धेरै दर्शकले मलाई तस्बिरबारे जिज्ञासा राखे । उनीहरूले आफ्ना साथीभाइलाई पनि बोलाएर ल्याए ।

विविधतामा पनि नेपाली समाज एक भएर बाँचेको छ । पर्व, महोत्सव, कला, साहित्यले भावनात्मक रूपमा छुन्छ र एक-आपसमा जोड्छ । एउटा कलाकारका रूपमा यो भावनाले मलाई निकै उत्साहित बनायो ।

> अहिले आधारभूत कुरा प्राप्त भए पनि मानिस आफ्नै महत्त्वाकांक्षाले दुःखी छन् । त्यसैले उनीहरूलाई कलात्मक पक्षले छुँदैन । चित्रको वास्तविक सौन्दर्य नै उनीहरूलाई महसुस हुँदैन । उनीहरूलाई कुनै जोक्स वा छिटो हाँस्ने बहाना चाहिएको छ ।

इन्डोनेसियाको अनुभव

इन्डोनेसियामा पनि अनौठो अनुभव भयो । त्यहाँका मानिस पनि नेपालीजस्तै भावनात्मक छन् । त्यहाँ कलालाई हेर्ने तरिका फरक छ । उनीहरू चित्रलाई पुस्तकका पानामा पल्टाएर हेर्नेरहेछन् । त्यहीकारण उनीहरूलाई चित्र छुने बानी भइसकेको रहेछ ।

युरोपमा कलालाई हात छुनु हुँदैन भन्ने अवधारणा छ । तर, इन्डोनेसियामा प्रदर्शनी गर्दा सबैजना भित्तामा झुन्ड्याइएका तस्बिरलाई हातले छुन चाहन्थे । मैले अन्य देशमा प्रदर्शनी गर्दा यसरी हातले चित्र छुन आउनेहरू देखेको थिइनँ । तर, यहाँ मानिस चित्रलाई छोएर महसुस गर्न चाहन्थे । अन्त्यमा हामीले त्यहाँ 'चित्रलाई छुन पाइँदैन' भन्ने लेख्नुपऱ्यो । तर, मेरा चित्रहरूप्रति दर्शकले देखाएको माया मलाई निकै मन परेको थियो ।

युरोपमा पनि सामाजिक सञ्जालको प्रयोग व्यापक हुनुअघि मानिस चित्रकलाको मज्जा लिन्थे । तर, सामाजिक सञ्जाल एउटा डुम्सजस्तै हो । यसले हाम्रो बुद्धिलाई क्षय गर्दै लगिरहेको छ । चित्रकारलाई यसबाट सबैभन्दा धेरै घाटा छ । किनकि, चित्रकला मानिसको आधारभूत आवश्यकता होइन । गाँस, बासलगायतका आधारभूत पक्ष पूरा भएर समाज सुखी भएपछि मात्रै मानिसले चित्रकलाको आनन्द लिने हो । तर, अहिले आधारभूत कुरा प्राप्त भए पनि मानिस आफ्नै महत्त्वाकांक्षाले दुःखी छन् । त्यसैले उनीहरूलाई कलात्मक पक्षले छुँदैन । चित्रको वास्तविक सौन्दर्य नै उनीहरूलाई महसुस हुँदैन । उनीहरूलाई कुनै जोक्स वा छिटो हाँस्ने बहाना चाहिएको छ । कला बुझ्नका लागि यसैमा डुब्न सक्ने भावना र लगाव चाहिन्छ । त्यो धैर्यता युरोपेलीहरूमा घट्दै छ ।

संस्कृतिमाथि उच्च वर्गले आक्रमण गरिरहेको छ । किनभने बौद्धिक सभ्रान्तहरूले जनता जति मूर्ख हुन्छन्, उनीहरूलाई नियन्त्रण गर्न त्यति नै सहज हुन्छ भन्ने बुझेका छन् । युरोपमा पपुलिस्ट सरकार बनिरहेका छन् । पपुलिस्ट नेता कला-संस्कृति, विश्वविद्यालयमा दिने खर्च कटौती गर्न चाहन्छन् । वैज्ञानिक अनुसन्धानका लागि कम रकम दिन चाहन्छन् । जनताको बौद्धिक विकास होस् भन्ने चाहना उनीहरूमा देखिँदैन । उनीहरू युद्धमा पैसा लगाइरहेका छन् । गरिबीसँग लडिरहेका देशलाई सहायता गर्नमा कन्जुस्याइँ गरिरहेका छन् । यसले हाम्रो प्राथमिकता कता छ भन्ने बुझाउँछ । मानिस क्रमशः एक्लो हुँदै गएको छ । उनीहरू चित्र हेर्छन्, तर यसको मज्जा लिन सक्दैनन् । कलात्मक जीवन बाँच्न बिर्सिएको धेरै भइसकेको छ । समाज व्यक्तिवादी भइसकेको छ ।

डाक्टर जन्माउने गाउँ

चार दशकभित्र यादवटोलबाट मात्र ३० जनाजति डाक्टर बनिसकेका छन् । यो टोलबाट डाक्टर भएकाहरू विराटनगर, धरान, बुटवल, काठमाडौं, जनकपुरदेखि माल्दिभ्स र अमेरिकामा समेत कार्यरत छन् ।

देहातति र

● गणेश लम्साल



मोरङस्थित बुढीगंगा गाउँपालिका-१ टंकीसिनवारीमा रहेको यादवटोल

विराटनगरदेखि पाँच किलोमिटर तल मोरङको बुढीगंगा गाउँपालिका-१ टंकीसिनवारीमा यादवटोल नाम गरेको एउटा गाउँ छ । यादवटोलमा करिब ६० घरधुरी छन् । करिब चार सयको हाराहारीमा बसोवास गर्दै आएका यादवहरूको यो टोलबारे एउटा कहावत नै छ, 'यादवटोलको जुन घरमा ढुंगा हाने पनि डाक्टरको घरमा लाग्छ ।'

हुन पनि चार दशकभित्र यादवटोलबाट मात्र ३० जनाजति डाक्टर बनिसकेका छन् । यादवटोलबाट डाक्टर भएकाहरू विराटनगरको नोबेल र विराट शिक्षण अस्पतालदेखि निजी अस्पतालमा कार्यरत छन् । कोही धरान, बुटबल, काठमाडौं, जनकपुरदेखि माल्दिभ्स र अमेरिकामा समेत कार्यरत छन् । यहाँबाट ठाकर बनेकाहरू सर्जन, फिजिसियन, गाइनो, पेडियाट्रिक, रेडियोलोजिस्ट, एनाटोमी, अङकोलोजीलगायत विषयविज्ञ छन् ।

> डाक्टरहरूको गाउँ भनिए पनि गाउँमा राम्रो स्वास्थ्य केन्द्र वा अस्पताल छैन । सुविधासम्पन्न सामुदायिक भवन निर्माण भएको छैन । चोकहरू सुनसान र उजाड छन् । सरसफाइको अवस्थामा पनि धेरै सुधार आउन सकेको छैन । अगुवा बाबुप्रसाद भन्छन्, 'पढेर डाक्टर बनेकाहरूले गाउँको विकासका लागि चासो दिएनन् ।'

यादवटोलबाट डाक्टरहरू मात्र नभएर नर्स र स्वास्थ्यकर्मीको संख्या पनि उत्तिकै छ । अझै डाक्टर र स्वास्थ्य विज्ञान पढ्ने युवाहरूको गाउँमा लर्को नै छ । यो गाउँमा प्रायः घरपरिवारले उच्च शिक्षामा पहिले डाक्टरी त्यसपछि स्वास्थ्यकर्मीको पढाइलाई नै रोज्ने गरेका छन् । त्यसपछि मात्र व्यवस्थापन, विज्ञान र मानविकी विषय रोज्ने गर्छन् । यो गाउँबाट करिब एक दर्जन विभिन्न विषयका प्राध्यापक अनि उत्तिनै मात्रामा शिक्षक र बैंक तथा वित्तीय संस्थाका जागिरे पनि उत्पादन भइसकेका छन् ।

परम्परागत खेतीपातीमा रमाएर जीविकोपार्जन गर्दै आएको यादवटोलबाट मात्रै यति धेरै डाक्टर र शिक्षितहरू उत्पादन कसरी सम्भव भयो ? धेरैलाई जिज्ञासा लाग्न सक्छ । यो गाउँलाई देशमै सबैभन्दा धेरै डाक्टर उत्पादन हुने गाउँ बनाउन अगुवाको भूमिका निभाउने उत्प्रेरक व्यक्ति हुन् ७० वर्षीय बाबुप्रसाद यादव । बाबुप्रसादकै अग्रसरता र उत्प्रेरणादायी नेतृत्वले परम्परागत खेतीपातीमा जीवन निर्वाह गर्ने यादवटोल देशभरिमै सबैभन्दा धेरै डाक्टर र शिक्षितहरू उत्पादन गर्न सफल गाउँ बनेको छ । विराट शिक्षण अस्पतालमा कार्यरत डाक्टर अनिल यादव भन्छन्,'अगुवा बाबुप्रसाद नभएको भए हाम्रो टोल यसरी देशमै धेरै डाक्टर उत्पादन गर्ने गाउँ भनेर चिनिँदैनथ्यो ।' उनका अनुसार अगुवा बाबुप्रसादकै कारण यादवटोलमा सबैलाई डाक्टरी पढ्ने प्रेरणा जागेको हो । विराटनगरकै नोबेल शिक्षण अस्पतालमा कार्यरत डा. रमेश यादवका अनुसार त्यो वेलाका शिक्षित बाबुप्रसादले आफूले जागिर नखाई-नखाई गाउँको शिक्षाका लागि घरघरमा पुगेर पढ्न सबैलाई उत्प्रेरित मात्र गरेनन्, आफ्नो भाइलाई डाक्टर बनाउन सफल भए । यादवटोलबाट पहिलोपटक एमबिबिएस गरेका डा. शीतल यादवले लामो समय विराटनगरको कोशी अस्पतालमा सेवा गरे । आफ्नो निजी क्लिनिक पनि चलाए र गाउँलेहरूको निःशुल्क उपचार पनि गरिदिन थाले । त्यसपछि गाउँका अरू अभिभावकलाई आफ्ना सन्तान डा. शीतलजस्तै बनाउने उत्प्रेरणा जाग्यो । उनीहरूले जग्गा बेचेर भए पनि सन्तानलाई डाक्टरी पढाउन थाले । डा. रमेश भन्छन्,'सिंगो यादवटोल डाक्टरहरूको गाउँ हुनुमा अगुवा बाबुप्रसादको पहिलो र ठूलो योगदान छ ।'

अगुवा बाबुप्रसादले २०३२ सालतिर बिकम गरेका थिए । त्यो वेला उनले चाहेको भए बैंक र वित्तीय संस्थाहरूमा उच्च पदको जागिर सहजै पाउँथे । तर, उनले गाउँलाई साक्षर बनाउन जागिर खाएनन् । २०३५ सालमा बुबा बुधनदासको निधनपछि बाबुप्रसादले आफ्नो पारिवारिक दायित्वसँगै गाउँको जिम्मेवारी पनि सम्हाल्न सुरु गरे । राजनीतिक सुझबुझ भएका बाबुप्रसादले आफ्नो भाइ शीतल यादवलाई दुःख गरेर स्कुले शिक्षा मात्र पूरा गराएनन्, भारतमा छात्रवृत्ति पढ्न पढाए २०४० सालमै डाक्टर पनि बनाए । सरकारी स्कुलमा पढेर तेम्रो श्रेणीमा उत्तीर्ण भएका बाबुप्रसादका भाइ शीतल डाक्टर बनेर आएपछि मेची अस्पताल भद्रपुर हुँदै कोशी अस्पताल विराटनगरमा लामो समय काम गरे । डा. शीतल कोशी अस्पतालको प्रमुख पनि भए । रिटायर्ड भएपछि विराटनगरमा छोराहरूको सहयोगमा आफ्नै निजी अस्पताल चलाइरहेका छन् ।

बाबुप्रसादका भाइ शीतल पहिले एमबिबिएस र पछि एमडी गर्दै फिजिसियन डाक्टर बन्न सफल भएपछि गाउँमा डाक्टर पढाउन अरूलाई पनि प्रेरणा मिल्यो । बाबुप्रसादले आफ्ना तीन छोराहरूलाई पनि डाक्टरी नै पढाए । भाइ शीतल यादवले पनि आफ्ना दुवै छोराहरूलाई डाक्टर नै बनाए । त्यसपछि गाउँमा डाक्टर पढ्ने युवायुवतीहरूको लर्को लाग्न थाल्यो । परम्परागत खेतीपाती गर्ने यादवहरूले कसैले ऋण लिएर त कसैले जग्गा बिक्री गरेर आफ्ना छोराछोरीलाई डाक्टर नै बनाए । डाक्टर बनेका छोराहरूले पनि डाक्टर नै पढेका बुहारी बिहे गरे । ०४० सालदेखि ०८० सालसम्म आइपुग्दा यादवटोलमा ३० जना एमबिबिएस र एमडी गरेका डाक्टर उत्पादन भइसकेका छन् । अझै उत्पादन हुने क्रम जारी छ । स्थानीय शिक्षक उमेश यादव भन्छन्,'यसैले त हाम्रो गाउँको जुन घरमा ढुंगा हाने पनि डाक्टरकै घरमा लाग्छ भनिएको होला ।' उनका अनुसार अहिले यादव गाउँका धेरैजना डाक्टर देश-विदेशमा छरिएर उपचार सेवा दिइरहेका छन् । कोही अस्पतालमा जागिर गरिरहेका छन् भने कोही आफ्नै अस्पताल र क्लिनिक सञ्चालन गरिरहेका छन् ।

देशमै सबैभन्दा धेरै डाक्टर उत्पादन गर्ने गाउँ बनाउन अगुवा

साप्ताहिक राशिफल

८ वैशाख (शनिबार) - १४ वैशाख (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा भाग्यको पूर्ण रूपमा साथ रहने समय छ । धार्मिक गतिविधिमा सरिक हुने योग छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साताको अन्त्यमा लामो समयदेखि रोकिएका अधुरा कार्यले पूर्णता पाउनेछन् । नयाँ कार्यको थालनीसमेत हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आर्थिक कारोबारमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रसँग सम्बन्धित कार्य अघि बढ्नेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । सेयरको कारोबारबाट सफलता मिल्नेछ । यात्राको योग पनि छ । स्थानान्तरणको योग रहेकाले कार्य सफल हुनेछन् ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

विद्यार्थीका लागि नयाँ ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ । वैदेशिक यात्राबाट सोचेअनुसार सफलताको योग छ । व्यापार व्यवसाय वृद्धिका साथै आम्दानीका स्रोत पनि बढ्नेछन् । बुधबारबाट इच्छा-आकांक्षा पूर्ण हुनेछन् । आकस्मिक धनलाभ हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

घरजग्गाको कारोबारमा सफलता मिल्नेछ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्ने देखिन्छ । रमाइलो यात्राको योग छ । प्रेमजीवन सफल र सुखद् रहने देखिन्छ । नयाँ कामको थालनी र व्यापारमा सफलता पाइनेछ । लगानीमा गर्दा सावधानी अपनाउनु पर्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पारिवारिक झमेला आइपर्नेछन् । आर्थिक कारोबारमा विवाद आउनेछ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ । बुधबारबाट इच्छा-आकांक्षा पूर्ण हुनेछन् । सेयर कारोबारबाट सोचेअनुरूप सफलता मिल्नेछ । खर्च बढ्ने योग रहेको छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

सामाजिक कार्यमा सरिक हुने मौका मिल्नेछ । लामो समयदेखि रोकिएका काम सुचारु हुनेछन् । बुधबारदेखि मनमा निराशा र शरीरमा आलस्यका कारण काम अवरुद्ध हुने योग छ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरीसमेत आउन सक्छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

पारिवारिक भ्रमणको योग छ । पार्टी, पिकनिक तथा सेमिनारमा सहभागी भइएला । बन्धुबान्धवबाट सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रबाट सेचेअनुसार सफलता मिल्नेछ । साताको अन्त्यमा घरायसी झैझमेलाबाट जोगिनु पर्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा नयाँ कार्यको थालनी हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् । कार्य सम्पादनमा सहजता मिल्नेछ । पुँजी बजार या वित्तीय संस्थाबाट राम्रै लाभ मिल्नेछ । पारिवारिक भ्रमणको योग छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

नयाँ कार्य प्रारम्भ हुनेछन् । कार्यमा सफलता मिल्नेछ । स्वास्थ्य प्रतिकूल हुने देखिन्छ । साताको अन्त्यमा धर्म तथा समाजसेवामा मन लाग्नेछ । लामो समयदेखि रोकिएका अधुरा काम पूरा हुनेछन् । सन्तानबाट सन्तोष मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको सुरुमा रमाइलो यात्राको योग छ । आँटिका र सोचेका कार्य पूरा हुनेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साताको अन्त्यमा लामो दूरीको यात्राबाट सावधानी अपनाउनु पर्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

जग्गा जमिनबाट सोचेअनुसार सफलता मिल्ने योग छ । नयाँ जागिरको थालनी हुनुका साथै शिक्षामा सफलता पनि मिल्नेछ । साताको उत्तरार्धमा प्रतिद्वन्द्वीहरूले कार्यमा अवरोध ल्याउन सक्छन् । पुँजी बजारले पनि सोचेअनुसार साथ नदिन सक्छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा समाचार सुन्नाले मनमा शान्ति छाउला । नसोचेको ठाउँबाट धन आर्जन हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । कलासाहित्य तथा संगीतमा रुचि बढ्नेछ । प्रेमीको सहयोग र साथ पाउने योग छ ।

कविता



● दिनेश अधिकारी

तिम्रो चिठी पढेपछि
समाचारमा आएभन्दा बाहिरका
धेरै कुरा थाहा भयो
यताको खबर पनि त्यस्तै-उस्तै हो
एउटै चिठीमा
सबै कुरा त के लेख्न सकुँला र ?
सुरक्षा निकाय नै
असुरक्षाको उद्गम भएको परिवेशमा बाँचिरहेको म
फेरि पनि केही लेखिरहेको छु-
भन्नै पनि कस्तो लाजमर्दो !
समाजसेवाले व्यापारको उच्च स्थान
ओगटेको छ
सनकीको हातमा बन्दुक छ
रक्सीले धुत भएका
जँड्याहाहरूको वार्तालाप बिर्साउँदै छ
राजनीतिले,
त्यसवेला सिलाएको लुगाको रङ मड्किएको छैन
एक-अर्काको टाउकाको मोल लगाउने
र, परस्पर सत्तोसराप गरेर नथाक्नेहरू
अहिले रमाएर एउटै थालमा भतेर खान बसेका छन्
अपराधीहरू कानुन बनाउन व्यस्त छन्
ठूलाबडा भनिनेहरू तस्करीमा मस्त छन्
यो दुर्दशा
हेर्न र सुन्न पनि घिन लागेपछि
दिमागमा देश बोकेर बाँचेकाहरू
देशको बारेमा अब बेखबर बस्न चाहन्छु भनिरहेका छन्





डाक्टर जन्माउने गाउँ बनाउन उत्प्रेरकको भूमिका निर्वाह गर्ने व्यक्ति हुन्, बाबुप्रसाद यादव

बाबुप्रसाद यादवको सक्रिय लगनशीलता नै उत्प्रेरणा बनेको स्थानीयहरू स्विकार्छन्। तीनचोटि गाउँको वडा अध्यक्ष र एक चोटी राष्ट्रिय पञ्चायतको जिल्ला सदस्य समेत भइरहेका बाबुप्रसादले त्यो वेला गाउँमा हाइस्कुल नभए पनि विराटनगर धाएर एसएलसी पास गरेका थिए। उनले साइकलमा विराटनगर धाएरै क्याम्पस पढेर बिकम पास गरेका थिए। उनले आफूले पढेर जागिर नखाए पनि सरकारी स्कुलबाट एसएलसी उत्तीर्ण गरेका आफ्ना भाइ शीतल यादवलाई डाक्टर बनाए। भारतमा छात्रवृत्ति पाउन उनले नेपाली कंग्रेसका नेताहरू कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाबाट सहयोग पाएका थिए। उनले त्यो वेला भाइलाई पढाउन आफ्नो जागिरलाई पनि तिलाञ्जली दिएका थिए। बाबुप्रसादले विकम गरेर जागिर खाएनन्। भाइलाई पढाउँदै गाउँमा ट्र्याक्टर किनेर खेतीबारी गर्न थाले। स्थानीयका अनुसार बाबुप्रसादले आफ्नो परिवारलाई मात्र पढाएनन् गाउँमा कसैलाई पनि बरालिन दिएनन्। त्यो वेलाका शिक्षित र सक्रिय युवा बाबुप्रसादले गाउँका घरघरमा गएर केटाकेटीहरूले पढे-नपढेको चासो लिन थाले।

बुढीगंगा-१ कैरिया टोलका युवा रोहित मगर बाबुप्रसादको योगदान उच्च रहेको बताउँछन्। समाजसेवी स्थानीय मोहम्मद सकिरुद्दिन पनि ऊ वेला बिकम गरेका बाबुप्रसादले आफ्नो स्वार्थभन्दा पनि समाजको हकहितलाई धेरै चासो दिएकाले सबैमा डाक्टर पढाउने प्रेरणा जागेको बताउँछन्। यादवटोलको अवस्थालाई नजिकबाट देखे-बुझेका सकिरुद्दिन भन्छन्, 'बाबुप्रसादले आफ्नो भाइलाई काँधमा बोकेर आफैंले हलो जोती डाक्टरी नपढाएको भए सायदै यादवटोलमा कोही डाक्टर बन्ने थिए होलान्।'

बाबुप्रसादको शिक्षा

अगुवा बाबुप्रसादका बुबा बुधनदास निरक्षर थिए। लेखपढ गर्न नजाने पनि बुधनदास अड्डा-अदालत धाइरहन्थे। सरकारी कागज, निवेदन र सूचनाहरू अरूलाई पढ्न लगाएर भए पनि आफूले बुझ्ने र अरूलाई पनि बुझाउने गर्थे। यसैले उनले त्यो वेला नै शिक्षाको महत्त्व बुझे र जेठा छोरा बाबुप्रसादलाई बिकमसम्म पढाए। त्यसपछि पढेका बाबुप्रसादले भाइ शीतललाई दिलोज्यान दिएर पढाए। अनि गाउँका अरूलाई पनि छोराछोरी पढाउन प्रेरित गरिरहे। उनका बुबा बुधनदासको २०३५ सालमा मृत्यु भयो। त्यसपछि बाबुप्रसादले नै गाउँमा अगुवाइ गर्ने काम गरे। अहिले पनि गरिरहेका छन्। हाल यादव गाउँमा बाबुप्रसादका तीन छोरा अनिल, राजेश, रमेश र उनीहरूका बुहारीहरू पनि डाक्टर भइसकेका छन्।

डाक्टरप्रति गुनासो


अगुवा बाबुप्रसादलाई आफ्नो गाउँ डाक्टरहरूको गाउँ भनेर चिनिएकोमा जति गर्व लाग्छ, त्यति नै दुःख एउटा विषयमा लागिरहन्छ। त्यो दुःखको कारण हो दुःखले बनेका डाक्टरहरूले गाउँको विकासमा चासो नराख्नु। यादवटोल डाक्टरहरूको गाउँ भनेर चिनिए पनि विकासको अवस्थामा अझै पछाडि छ। बाबुप्रसादका डाक्टर छोराबुहारीबाहेक अरू डाक्टर गाउँमा बस्दैनन्। गाउँको विकासमा शिक्षित व्यक्तिको हैसियतमा लिनुपर्ने चासोसमेत नलिँदा बाबुप्रसाद निकै दुःखी हुन्छन्। चाडपर्वका वेला मान्यजनसँग भेटघाट गर्न आए पनि उनीहरूमा सामूहिक हार्दिकता नभएको बाबुप्रसादको गुनासो छ। कोही पनि डाक्टरहरूले भेला भएर आफूलाई डाक्टर बनाउने पुख्र्यौली गाउँको विकासका लागि के योगदान गर्न सकिन्छ भनेर चिन्ता गर्दै छलफल गर्ने गरेका छैनन्। यसैले अझै पनि यादवटोलमा कच्ची सडक छ। प्रायः घरहरू अझै पुरानै शैलीका छन्। अभिभावकहरू अझै परम्परागत खेतीपाती र पशुपालनबाटै जीविका चलाइरहेका छन्। डाक्टरहरूको गाउँ भनिए पनि गाउँमा राम्रो स्वास्थ्य केन्द्र वा अस्पताल छैन। सुविधा सम्पन्न सामुदायिक भवन निर्माण भएको छैन। चोकहरू सुनसान र उजाड छन्। सरसफाइको अवस्थामा पनि धेरै सुधार आउन सकेको छैन। सत्तरी वर्षीय अगुवा बाबुप्रसाद भन्छन्, 'पढेर डाक्टर बनेकाहरूले चासो दिएको भए गाउँको अवस्था धेरै नै फेरिइसकने थियो। तर, के गर्नु सबैले आफूलाई मात्रै हेरे, गाउँको विकासका लागि कसैले पनि चासो दिएनन्।'

जीवन विज्ञानले जगाएको नेपाल



०८० चैत १७ देखि २३ सम्म लुम्बिनीमा सम्पन्न विराट् चक्र विज्ञान कार्यक्रममा सहभागी सर्वसाधारण

योग



● रामचन्द्र शर्मा

जीवन विज्ञान संस्थाले पाँच हजारजनालाई एकसाथ एकै ठाउँमा योग ध्यान गराउन आयोजना गरेको विराट् चक्र विज्ञान कार्यक्रम सभ्य र भव्य रूपमा सम्पन्न भएको छ। अध्यात्मले हरेक मानिसभित्रको खुसीको खजाना र त्यसलाई प्राप्त गर्ने जीवन ऊर्जासँग भेट गराईदिने र भौतिक विज्ञानले उपभोग गर्न सहजीकरण गर्ने हुँदा मानव जगत्ले यी दुवै विज्ञानको संयोजन गरी सफलता चुम्दै आनन्दित हुन आह्वान गरेको छ। मनाङ जिल्लाबाहेक सबै जिल्ला र स्थानीय तहबाट, सबै धर्म, संस्कृति, जातजातिबाट लक्ष्यभन्दा बढी संख्याको समावेशी सहभागितासहित समग्र नेपालकै उपस्थिति रहेको झल्को दिएको छ। सो कार्यक्रमले सहभागीमा पारेको सकारात्मक प्रभाव र अध्यात्मिक जागरणको जस्ताको तस्तै वर्णन गर्न शब्दहरू छैनन्, तापनि नेपाली शब्दकोशमा उपलब्ध शब्दबाट भाव दर्साउने प्रयास मात्र गरिएको छ यो लेखमा।

> संसारका सबै दुःखको अन्त्य र अनन्त आनन्दको उद्घाटन, प्रत्येक व्यक्तिको आन्तरिक जागरणबाट मात्र सम्भव हुनेछ। हामीले देख्न खोजेको परिवार, समाज, राष्ट्र र विश्व गहिरो आध्यात्मिकताको जगमा मात्र बन्नेछ।

विराट् चक्र विज्ञानको उक्त कार्यक्रमले हरेक नेपालीलाई आफूमा रहेको प्रतिभा चिनेर सदुपयोग गर्न उत्प्रेरित गर्नुका साथै नेपालतर्फ अन्तर्राष्ट्रिय जगत्को ध्यानाकर्षण गराएको छ। जीवन विज्ञान संस्थाले हरेक कार्यक्रम निर्धारित समयमा सुरु र अन्त्य गर्नुपर्छ, समय भगवान् हो भन्ने पद्धति व्यवहारमा उतार्दै आएको हुँदा श्रद्धेय रमेश गुरुदेवले नै लेखेको 'मैले मलाई भेटेको दिन सम्झी-सम्झी मन हुन्छ फुरुंग' भन्ने बोलको गीत-संगीत बजाउँदै तोकिएकै मिति र समय २०८०/१२/१७ गतेको बिहान साढे सात बजे औपचारिक रूपमा विराट् चक्र विज्ञान कार्यक्रमको शुभारम्भ गर्नुभयो। सो गीतको भावार्थ गरिने हरेक काम सजगतापूर्वक गरी प्रत्येक क्षण सदुपयोग गर्न चेतना जगाऊ, खुसी बस्ने ठाउँ शान्ति, प्रेम, श्रद्धा र भक्ति हो, त्यो तिम्रै हृदयमा छ, त्यही हृदयभित्रै हजार सूर्य उदाएझैं तेजोमय प्रकाश छ। आँखा बन्द गरेर भित्र हेर, बाहिरभन्दा बढी रमाइलो छ,। खुसी खोज्न कस्तुरी मृगझैं बाहिर भौंतारिएर आफ्नो अमूल्य जीवन ऊर्जा खेर नफाल, उठ, जाग, आफूभित्र रहेको अपार ऊर्जा र शक्ति सदुपयोग गर्न क्रियाशील हुँदै जीवन आनन्दित बनाऊ भन्ने हो। मानव शरीरमा रहेका मुख्य सात शक्तिकेन्द्र वा गुणहरू, जसलाई योगले चक्र भन्छ, तिनलाई थोरै साधना गरेर अथाह क्षमता जगाउने ज्ञान र साधनाको विधि सिकाउन विराट् चक्र विज्ञान कार्यक्रम आयोजना गरिएको हुँदा हरेक चक्रलाई एक दिन लगाई सात दिनसम्म चक्र साधना गराइयो। मेरुदण्डको तल्लो भागमा शरीरको पहिलो शक्तिकेन्द्रको रूपमा रहेको मूलाधार चक्र सक्रिय भएमा मानिसभित्रको चेतना, होस र सजगता बढ्दै आफ्नो काम आफैंले खुसी हुँदै ध्यानपूर्वक गराउन क्रियाशील गराउने र बिग्रिएमा आलस्यमा डुबाउँदै जीवन प्रगति शून्य बनाइदिने। नाभी क्षेत्रभन्दा चार अंगुल तल शरीरको दोस्रो शक्तिकेन्द्रको रूपमा रहेको स्वादिष्टान चक्रले हरेक अंगको सेन्सर गर्दै सारा कामको व्यवस्थापन गर्ने, मनलाई शान्त र व्यवस्थित गराउँदै गरिने काममा सुख अनुभव गराउने, सांसारिक विषयमा भन्दा आफूभित्रै सुखको कारखाना रहेको अनुभूति दिलाउँदै जीवन आनन्दित बनाउने र बिग्रिएमा खाना मिठो नहुने र डिप्रेसनमा समेत पुऱ्याइदिने। शरीरको तेस्रो शक्तिकेन्द्रको रूपमा रहेको नाभी क्षेत्रको मणिपुर चक्रले मानिसको आत्मविश्वास बढाउने, जीवनका मूल बिषयमा स्पष्ट लक्ष्य र लक्ष्यअनुसारको योजना बनाएर काम गर्ने आँट साहस दिने, सबै डर चिन्ता र असुरक्षालाई जितेर आफूभित्रको पूरै ऊर्जा प्रकट गराउँदै जीवन व्यवस्थित र विकसित बनाउने र बिग्रिएमा मान्छेमा कुनै लक्ष्य, काम गर्ने आँट साहस र हिम्मत नहुने। शरीरको चौथो शक्तिकेन्द्रको रूपमा रहेको हृदय क्षेत्रको अनाहद चक्रले म सबैको हूँ, सबै मेरा हुन् भन्ने शुद्ध भावनाको विकास गरी समूहमा मिलेर काम गर्ने क्षमता बढाउने, सम्बन्ध सुदृढ गर्न प्राथमिकता दिँदै प्रेमिल बनाउने र बिग्रिएमा भाव शक्तिको सन्तुलन गुम्न पुगी ठुल्ठूला व्यवहार बिग्रिने। शरीरको पाँचौं शक्तिकेन्द्रको रूपमा रहेको घाटी क्षेत्रको विशुद्धि चक्रले नराम्रा घटनाबाट पनि जीवन विकासको आधार खोज्ने बौद्धिक क्षमता बढाउने, हरेक विषयमा आफ्नो मौलिक विचार निर्माण गर्दै प्रत्येक कर्म सिर्जनशील ढंगले गराउने, स-साना सफलतामा खुसी हुने, वाणीलाई सम्मानजनक, सकारात्मक र सभ्य बनाउने र बिग्रिएमा अज्ञानी भई जीवन असफल हुने। शरीरको छैटौं शक्तिकेन्द्रको रूपमा रहेको दुवै आँखाबीचको टीका लगाउने निधारको भागमा रहेको आज्ञा चक्रले सही समयमा सही निर्णय गर्न सक्ने र काम पूरा गर्ने अठोट र संकल्प शक्ति बढाउने, अरूका लागि उपयोगी हुने सामर्थ्य र प्रतिस्पर्धी क्षमताको विकास गर्ने, सहश्रार चक्रसँग मिलेर सबै चक्रको शक्ति संयोजन गर्ने र बिग्रिएमा सबै काम अधुरा रहने।

परमात्माको चक्र भनेर बुझिने शिरको माथिल्लो भागमा रहेको शरीरको सातौं शक्तिकेन्द्रको रूपमा रहेको सहश्रार चक्रले शान्ति प्राप्ति र परमात्मासँग साक्षात्कार गराउने, जीवनमा आजसम्म घटेका घटना जस्ताको तस्तै स्विकार्ने क्षमता दिने, पुरुषार्थी बन्न खोजेका कुरामा पुरुषार्थ प्राप्ति गराई जति वेला पनि खुसी मात्र बनाइदिने। तनाव स्वीकार गर्दा मात्र सक्रिय हुने यो सहश्रार चक्र मात्र साक्षीको रूपमा रहने, कर्ममा सामेल नहुने र सुखदुःखसमेत नबोक्नेजस्ता चक्रसम्बन्धी महाज्ञान दिँदै गुरुदेवहरूबाट उर्मिलो वातावरणमा सहभागीलाई साधनासमेत गराएर प्रत्यक्ष अनुभूति दिलाउनुभयो।

व्यक्तिको जस्तै चक्र देशको पनि हुन्छ। अहिले हाम्रो देशको मूलाधार चक्र बिग्रिएकाले पराधीनताको पराकाष्ठा नाघेको छ। देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य स्थापित गर्दै युवाहरूको बढ्दो विदेश पलायनले स्वादिष्टान चक्र बिग्रिएको देखिएकै छ। देशको आज्ञा चक्र बिग्रिएकाले गौरवका आयोजनासमेत ढिलासुस्तीको दुश्चक्रमा फसेका हुँदा देशको चक्रहरू जगाउने सदासयताले लुम्बिनी आध्यात्मिक जागरण उत्सवको आयोजनासमेत गरी श्रद्धेय भानु गुरुदेवले वाचन गरेको आफ्नै कविता र देशको कार्यकारी प्रमुख प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत पूर्वप्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, प्रदेश प्रमुख तथा मुख्यमन्त्री संघीय तथा प्रदेशका मुख्य सचिव तथा पूर्वमुख्यसचिव एवं सत्ता पक्ष र विपक्षमा रहेका मुख्य सबै राष्ट्रिय दलका शीर्ष नेताहरूलाई लुम्बिनी संकल्प पत्र घोषणा गराउनुभएको छ। वाचन गरिएको लयात्मक कविताका शब्दहरू 'युद्धका घाउहरू र अरू युद्धका तयारीहरू आफैं सकिँदैनन्, हृदयको गहिरो कुनामा रहेको शान्तिका मुहानहरू आफैं भेटिँदैनन्। अशान्तिले छट्पटाइरहेको क्रन्दन आफैं सकिँदैन, अनवरत बगिरहने दुःखको अग्निरुपी नदी आफैं रोकिँदैन। अन्याय अत्याचार, बलात्कार, गरिबी, पछौटेपन, अन्धविश्वास सुशासनको अभाव, राजनीतिक अस्थिरता, लोभलालच र महत्त्वाकांक्षा, भ्रष्टाचार, हिंसा, हत्या, नरसंहार, मेरो जात, तेरो जात, मेरो धर्म, तेरो धर्म, मेरो दल, तेरो दल, मेरो मान्छे, तेरो मान्छे, यी सब अराजक, अजागरुक र अविवेकी हृदय कोषका शब्दहरू हुन्। समग्रमा भन्नुपर्दा स्वजागरणको अभावका पर्यायवाची नाम हुन्। न कानुन फेरेर यिनको अन्त्य हुनेछ, न सरकार फेरेर यिनको इतिश्री हुनेछ। न त अरू धन आर्जन गरेर यिनी सकिने छन्, न विरोधका च्यालीहरूले तिनी रोकिनेछन्। संसारका सबै दुःखको अन्त्य र अनन्त आनन्दको उद्घाटन, प्रत्येक व्यक्तिको आन्तरिक जागरणबाट मात्र सम्भव हुनेछ। हामीले देख्न खोजेको परिवार, समाज, राष्ट्र र विश्व, गहिरो आध्यात्मिकताको जगमा मात्र बन्नेछ। त्यसकारण हे मित्र ! तिमी बस दुइटा काम गर, आफू जाग र अरूलाई जाग्न मद्दत गर। छाडेर सबै आलस्य, बाहना र किन्तु परन्तु, स्वजागरणलाई नै जीवनको मूल अभियान बनाउने यज्ञ सुरु गर।' सिकाउन आएका होइनौं, प्रेम साटासाट गर्न आएका हौं।

दरिन तेटोरलाई चिठी

कतै, केही सहन बाँकी छैन
भोकले काँपेकी सुत्केरी आमाको शिथिल शरीर
र काखको नवजात शिशु भाँतीमा
न्याय काँपिरहेको छ
इमान काँपिरहेको छ
समृद्धि-
गरिबीको प्रमाणपत्र वितरणमा समृद्ध भएको छ
बैंक-
कालाबजारीको हातको धितो भएको छ
कामभन्दा बढी
ठेक्कापट्टाको कमिसनमा
अहोरात्र छलफल चलिरहेको छ
बोलोस् त कोही यसका विरुद्ध
उसलाई ठेगान लगाउन
राज्य-संयन्त्र सधैं तम्तयार छ
दुष्टले पुजारीको आसन
र, कपटीले सत्ताको बागडोर सम्हाल्न थालेपछि
हृदयले देशलाई पुज्दै आएकाहरू
देशको नाममा अब किरिया मात्र बस्न बाँकी छ भनिरहेका छन्

भएको जिउनी घर-खेतसमेत बेचेर
तन्नेरी/तरुनी छोराछोरीलाई
विदेश पठाइरहेका आमाबाबुहरू
उनीहरू फेरि यही देशमा फर्केर आउलान् कि भन्ने चिन्तामा छन्
उता, छोराछोरीहरू भने
दलाललले दुईतिर पुऱ्याएका कारण
दुई युद्धरत शत्रु देशका
बेग्लाबेग्लै मोर्चामा राइफल बोकेर दौडिरहेका छन्
न घाम छेक्ने, न पानी रोक्ने
सामुदायिक विद्यालयको छानो भाँतीको
आफ्ने जीवन हेरेर तर्सेदातर्सैदै पनि
पाखुरीमा विश्वास भाकिरहेकाहरू
निमुखाका निर्दोष पसिनाले
फोहरी मुख कुल्ला गर्न बानी परेका सत्ताधारीहरू देखेपछि
झुक्किएर पनि
आफ्नो घर-आँगनतिर सरकार नआएदिए हुन्थ्यो भनिरहेका छन्

प्रिय दरिन तेटोर !१
बहुलाउन त
तिमी र म उहिल्यै बहुलाइसक्नुपर्ने हो
धन्न ! फेरि पनि हामी अहिलेसम्म साबुत छौं
हामी दुवैको देश हराएको वेला हो यो
तिमी भूगोलमा आफ्नो देश खोजिरहेकी छ्यौ
र, म-
देश भनिएको भूगोलभित्रै आफ्नो देश खोजिरहेको छु

आशा गरौं
कुनै न कुनै दिन
हामीले आ-आफ्नो देश भेट्टाउनेछौं

कामना गर्छु-
यो चिठी पुग्दासम्म
देश खोजेको आरोपबाट
तिमी कारागार-मुक्त भइसकेकी हुनेछ्यौ !!
०००

१ प्यालिस्टिनी कवि


झ्याप्पै !



रवि मिश्र
@rabimishra



संगीतकार यादव खरेलको व्यक्तित्व बहुमुखी छ । कविता, गीत, मुक्तक, बाल-साहित्यलगायत विविध विधामा कलम चलाएका खरेल चलचित्र क्षेत्रको संस्थागत विकास, लेखन र निर्देशनमा पनि उत्तिकै सक्रिय रहे । **अन्वेषण अधिकारी**सँग उनले फिल्म निर्माणको अनुभव यसरी साटे :



संस्मरण

यादव खरेल, संगीतकार

नेपाली चलचित्र विकासका सुरुवाती दिनहरू ...

ब्रिटिस काउन्सिलको छात्रवृत्ति पाएर लन्डन युनिभर्सिटीअन्तर्गतको लन्डन फिल्म स्कुलमा २०२५ सालमा चलचित्र निर्देशन/निर्माणको अध्ययन गर्न गएँ । विद्यार्थी भिसामा स्पष्टै लेखिएको थियो- अन्य कुनै काम गर्न पाइनेछैन । त्यतिवेला बेलायत जाने नेपालीहरूको संख्या कम थियो । बिबिसी नेपाली सेवामा प्रस्तोता चाहिएको रहेछ । तत्कालीन नेपाली राजदूतावासका प्रथम सचिव ईश्वरीराज पाण्डेले मलाई प्रस्ताव गर्नुभयो । रेडियो नेपालमा २०१६ सालदेखि नौ वर्ष काम गरेको अनुभव मसँग थियो । त्यस क्रममा बालबालिका, अन्तर्वार्ता, प्रश्नोत्तर, काव्य-कुञ्जलगायत विभिन्न कार्यक्रम चलाएको थिएँ । अनुभवी मानिस चाहिएकाले बिबिसीबाट मलाई बोलाइएको रहेछ । केही कार्यक्रम चलाएपछि त्यसवेलाकी नेपाली सेवाकी प्रडक्सन हेदर बन्डले कार्यक्रम प्रस्तोताका रूपमा सम्झौता गर्न प्रस्ताव गरिन् । मैले आफू विद्यार्थी भिसामा आएकाले जागिर गर्न नमिल्ने बताएँ । उनकै आग्रहमा ब्रिटिस काउन्सिलले 'अन्यत्र काम गर्न नपाउने' प्रावधान भिसाबाट हटाइदियो ।

त्यसपछि हप्ताको दुई दिन काम गर्न थालेँ । ब्रिटिस काउन्सिलले हामी विद्यार्थीलाई कलेजको फिस तिरिदिएर ६५ पाउन्ड छात्रवृत्ति दिन्थ्यो । बिबिसीले पनि ६५ पाउन्ड दिने भयो । मेरो त कमाइ नै डबल भयो । यस क्रममा धेरैजनासँग अन्तर्वार्ता गरियो । सबैभन्दा स्मरणीय अन्तर्वार्ता राजा महेन्द्र लन्डन आउँदाको थियो । यो अन्तर्वार्ताको एकप्रति रेडियो नेपालमा पनि पठाइएको थियो । गोरखापत्रले पनि छाप्यो ।

अन्तर्वार्ताका क्रममा मैले राजालाई वैचारिक रूपमा निकै प्रस्ट पाएँ । उहाँको व्यक्तित्व विशेष भए पनि प्रस्तुति निकै सहज थियो । ४५ मिनेटको संवादपछि अनौपचारिक कुराकानीमा उहाँले भन्नुभयो, 'यादव, तिमी नेपाल फर्किएपछि मलाई भेट ।'

बेलायतबाट फर्किएपछि मंगल सदनमा गएर एकपटक राजा महेन्द्रसँग भेटेँ । प्रत्येक शुक्रबार उहाँले विभिन्न मानिससँग भेटनुहुन्थ्यो । त्यसका लागि पहिल्यै लिस्ट बनेको हुन्थ्यो । म पुग्दा राजा आफैँ डायरी र कलम लिएर सोफामा बस्नुभएको रहेछ । मैले नेपाली बजारमा भारतीय सिनेमा हाबी भइरहेकाले मौलिकपन भएका सिनेमा निर्माणका लागि राज्यले विशेष नीति बनाउनुपर्ने बताएँ । उहाँले यसमा सकारात्मक प्रतिक्रिया दिनुभयो । नेपाली उत्पादनलाई नै प्रवर्द्धन गर्ने उहाँको नीति थियो । 'तिमी बृहत् योजना बनाएर आऊ, अर्कोचोटि फेरि छलफल गरौंला' भन्नुभयो । त्यसको केही समयपछि बुबाको निधन भएकाले म शोकमा थिएँ । उता, महेन्द्र सरकारको पनि चितवनमा (१७ माघ २०२८) निधन भयो ।

२०२८ सालमै मैले शाही नेपाल चलचित्र संस्थानको अध्यक्ष तथा महाप्रबन्धकको जिम्मेवारी पाएँ । त्यतिवेला चलचित्र सुटिङ गरेपछि सबै काम बम्बईमा गएर गर्नुपर्थ्यो । सुटिङका लागि पनि भारतबाटै प्राविधिक बोलाइन्थ्यो । बम्बई बस्ने नेपाली मूलका भारतीय निर्देशक हिरासिंह खत्रीले नेपालमा प्राविधिक तथा कलाकार ल्याउँथे । 'आमा' उनैले निर्देशन गरेका थिए । उनले त्यसपछि 'हिजो आज र भोलि', 'परिवर्तन' पनि निर्देशन गरे । सिनेमाको बजार सानो थियो । काठमाडौंका पाँचसहित देशभर कुल २६ सिनेमाघर थिए । तर, यी सिनेमाघरमा भारतीय चलचित्रकै बोलवाला थियो ।

नेपालमै प्राविधिक जनशक्ति उत्पादन गर्ने, फिल्म निर्माणको गति तथा बजार बढाउने र नेपाली संस्कृतिलाई विश्वमाझ चिनाउने लक्ष्यका साथ चलचित्र संस्थान खोलिएको थियो । बालाजुमा २६ रोपनी जग्गामा डबिङ थियटर, स्टुडियो, फिल्म अर्काइभ सेक्सनलगायत पूर्वाधार खडा गरियो । लक्ष्मीनाथ शर्मासहित तीनजना कलाकारलाई भारतको पुना फिल्म एकेडेमीमा पढ्न पनि पठाइयो । यस क्रममा हामीले 'चलचित्रको विकास कसरी गर्ने ?' भनेर सेमिनार गर्‍यौं । नेपालका निर्माता, वितरक र प्रदर्शकलाई राखेर निर्माण र बजारबीच कसरी सन्तुलन बनाउन सकिन्छ भनेर छलफल गर्‍यौं ।

२०५७ सालमा चलचित्र विकास बोर्डको पहिलो अध्यक्षका रूपमा काम गर्‍यौं । त्यस्तै, ०७१/७२ मा राष्ट्रिय चलचित्र नीति बनाउँदा पनि यसको अध्यक्षता गर्‍यौं । देशको भाषा, भूगोल र संस्कृतिको प्रतिनिधित्व गर्ने भएकाले यस नीतिले सिनेमालाई सांस्कृतिक उत्पादन भनेर परिभाषित गर्‍यो । यसअघि नेपाली सिनेमालाई लाग्ने कर विदेशी सिनेमाको दाँजोमा कम गरियो । धेरै हलवालाले नेपाली फिल्म देखाऊन् र धेरैले हेरून् भन्ने उद्देश्यले यस्तो गरिएको हो ।

सन्देशमूलक फिल्मले दिने सन्तुष्टि

मलाई एकैनासका फिल्म बन्नुहुँदैन भन्ने लाग्थ्यो ।

> भारतीय बजारले यथार्थवादी फिल्मभन्दा मसालेदार फिल्मलाई नै रुचायो । हिंसा र यौन धेरै बिके । केही एक्सन सिन, केही गीत र माया-प्रेम मिसाएर बनाइएका त्यस्ता फिल्म नेपाली बजारमा पनि खुबै चले । जसका कारण, नेपालका निर्माता पनि यस्तै फिल्म बनाउन तम्सिए ।

त्यसैले फरक-फरक जनराका फिल्ममा काम गर्न थालेँ । लन्डनमा फिल्मका सिद्धान्त पढ्ने, विभिन्न जनराका फिल्म हेर्ने र बहस गर्ने गर्थ्यौं । प्राविधिक पाटाबारे व्यावहारिक शिक्षा लिइन्थ्यो । त्यतिवेलै एनिमेसन सिकाइन्थ्यो । रंगको अर्थ, मनोविज्ञानलगायत विभिन्न विषयमा पढाइ हुन्थ्यो । हामी लन्डनका सडकमा गएर सुटिङ गर्थ्यौं ।

सत्यजित रेको 'अपु ट्रिलोजी'जस्ता यथार्थवादी चलचित्रबारे बहस गर्थ्यौं । तर, भारतीय बजारले यथार्थवादी फिल्मभन्दा मसालेदार फिल्मलाई नै रुचायो । हिंसा र यौन धेरै बिक्यो । केही एक्सन सिन, केही गीत र माया-प्रेम मिसाएर बनाइएका त्यस्ता फिल्म नेपाली बजारमा पनि खुबै चले । जसका कारण, नेपालका निर्माता पनि यस्तै फिल्म बनाउन तम्सिए ।

तर, सामाजिक परिवर्तनको उद्देश्य राखेर बनाइएका फिल्मले नै निर्मातालाई वास्तविक सन्तुष्टि दिन सक्छन् भन्ने मेरो बुझाइ रहयो । मैले भारतमा बेचिएका चेलिबेटीहरूको कथामा २०४६ सालमा 'चेलिबेटी' बनाएँ ।

यस फिल्ममार्फत महिलाहरूलाई झुक्याएर भारतमा बेचिएको कथा देखाएँ । सुटिङका लागि कलकत्ताको सोनागाछी र दिल्ली पनि गएँ । बेचिएका महिलालाई समाजले स्विकार्नुपर्छ भन्ने सन्देश दिन खोजेको थिएँ । फरक जनराका फिल्म बनाउने महत्त्वाकांक्षाले ०४७ सालमा कमेडी जनराको 'लोभीपापी' बनाएँ । 'आँधिबेहरी'मार्फत जातीय छुवाछुतविरुद्ध सन्देश दिने प्रयास गरेँ । यसपछि बालकृष्ण समजीको नाटक 'प्रेमपिण्ड'मा आधारित रहेर सिनेमा निर्देशन गरेँ । यो फिल्म व्यावसायिक रूपमा पनि सफल रह्यो । मैले रचना गरेको 'गैह्री खेतको शिरै हान्यो..' गीत निकै चल्यो । अहिले पनि यो गीत धेरैले मन पराउँछन् ।

राणाकालीन समय उतार्न सहज थिएन । बेलायती बैठक कहाँबाट पाउने ? पुरानो परिवेशलाई कसरी उतार्ने भन्ने चुनौती थियो । अहिलेको राष्ट्रपति भवन शीतलनिवासमा उक्त गीत खिचिएको हो । ड्रेस बनाउन पनि उत्तिकै गाह्रो थियो ।

योभन्दा धेरै मिहिनेत 'आदिकवि भानुभक्त' बनाउँदा गर्नुपऱ्यो । पटकथा तयार गरेर मैले नै भानु जन्मस्थल विकास समितिलाई चलचित्र निर्माणको प्रस्ताव गरेँ । निर्देशन गरेबापत मैले पारिश्रमिक लिइनँ । आफूसँग भएका उपकरण पनि उपलब्ध गराएँ । यसमा कसैले पनि पैसाका लागि काम गरेका थिएनन् । सबैमा बेग्लै ऊर्जा थियो ।

नेपाली भाषालाई गाउँ-गाउँसम्म फैलाउने काम भानुभक्तको 'रामायण'ले गरेको थियो । यस्ता विशिष्ट व्यक्तिको जीवनी सबैले बुझ्ने गरी बनाउनुपर्छ भन्ने लागेकाले पहल थालेको थिएँ । टिमका सबै सदस्यले राम्रो काम गरे ।

बायोपिकमा अनुसन्धान धेरै गर्नुपर्छ । भानुकालीन समाज उतार्न भाषा पनि त्यही समयकै प्रयोग गर्नुपर्ने थियो । भानु जन्मस्थल विकास समितिका प्रतिनिधि, साहित्यकार वैरागी काइँला, वासुदेव त्रिपाठीलगायतको कमिटी बनाएर धेरै दिनसम्म छलफल गरी संवाद फाइनल गर्‍यौं ।

दरबार हाइस्कुल अगाडिको भानुभक्तको सालिक हेरेर त्यहीअनुसार मिल्ने फेसलाई भानुभक्तको भूमिका दिने सोच बनाएँ । दिलिप रायमाझीको अनुहार मिल्दोजुल्दो लाग्यो । अभिनय पनि राम्रै लागेकाले उसलाई राखेँ । कमलमणि दीक्षितलाई भानुभक्तका बाजेका रूपमा कास्ट गरेँ । धेरै रिहर्सल गरेपछि मात्रै सुटिङमा गएका थियौं । हामीले भानु जन्मस्थल रम्घामा छाप्रोजस्तो घर बनाएर त्यही घरमा केही दिन बसेर सुटिङ गरेका हौं । केही सुटिङ चुँदीबेसी र केही काठमाडौंमा पनि गर्‍यौं ।

घाँसी कुवा पहिचान गर्न पनि समय लाग्यो । बाटोनजिकको कुवा नै घाँसीकुवा हो भन्ने स्थानीयलाई लागेको रहेछ । तर, वास्तविक कुवा अर्कै रहेछ । हामीले जानकारसँग राय-सुझाव लिएर वास्तविक कुवा पहिचान गरेपछि मात्रै सुटिङ गर्‍यौं ।

बायोपिकमा गल्ती गर्ने छुट हुँदैन । त्यसैले मिहिनेत धेरै पर्छ । तर, बायोपिकलाई बजार पाउन गाह्रो छ । बजारमा के चल्छ र कुन गुणस्तरीय छ भन्ने विषय अलग हो । व्यावसायिक रूपमा धेरै सफल नभए पनि यो फिल्म बनाएकोमा मलाई सधैं गर्व लाग्छ । अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियाको फिल्म एन्ड टेलिभिजन अर्काइभले केही वर्षअघि 'प्रेमपिण्ड' र यो फिल्मको सक्कलप्रति लगेको छ । नेपाली इतिहास र भाषाको विकासक्रमका सन्दर्भ सामग्री भएकाले यी फिल्मलाई सुरक्षित गरेर भल्टमा राख्ने सहमति गरेका छन् । ऐतिहासिक महत्त्वका धेरै सामग्री धुलोले खाइसकेका छन् । उनीहरूले संरक्षण गरेर राख्छौं भनेपछि मैले पनि खुसी भएर सक्कल प्रति दिएँ । उनीहरूले यी दुवै फिल्मलाई डिजिटल फर्म्याटमा पनि राखेका छन् ।

> राजा महेन्द्रलाई भेट्न पुग्दा उहाँ डायरी र कलम लिएर सोफामा बस्नुभएको रहेछ । मैले नेपाली बजारमा भारतीय सिनेमा हाबी भइरहेकाले मौलिकपन भएका नेपाली सिनेमा निर्माणका लागि राज्यले विशेष नीति बनाउनुपर्ने बताएँ । उहाँले यसमा सकारात्मक प्रतिक्रिया दिनुभयो ।

हामी डिजिटल दास

पुँजीवाद मरिसक्यो, अहिले त्योभन्दा खराब व्यवस्था आएको छ

पछिल्लो समय प्रविधिको आलोचनामा एकपछि अर्को शृंखलाबद्ध पुस्तक सार्वजनिक भइरहेको समयमा समेत टेक्नोफ्युडालिज्म महत्त्वपूर्ण पुस्तक प्रतित हुन्छ । पुस्तकले बृहत्तर परिदृश्यको व्याख्या गर्छ । पुँजीवाद कसरी अस्तित्वमा आयो भन्ने ऐतिहासिक विवरणबाट सुरु भएर यसमा आइरहेको युगीन परिवर्तनको वर्णन यसमा भेटिन्छ । एक हिसाबमा यस विषयमा एक राजनीतिज्ञले कुरा गर्नु आफैंमा सुखद कुरा हो । भारुफाकिसको विचारमा उनको पुस्तकमा चर्चा गरिएको विषय नयाँ प्रविधिसँग मात्र जोडिएको छैन, यसले अहिले विश्वले सामना गरिरहेको पूर्णतः नयाँ आर्थिक प्रणाली र राजनीतिक शक्तिको चर्चा गर्छ ।


'एकछिन कुनै साइन्स फिक्सन आख्यानको कथाजस्तो लाग्ने एक दृश्यको कल्पना गर्नुहोस्,' पुस्तकमा उनी लेख्छन्,'तपाईं यस्तो बजारमा पुग्नुहुन्छ जहाँ मानिसहरू लत्ताकपडा, जुत्ता, किताब, गीतसंगीत, विभिन्न उपकरण, खेल र चलचित्र किनबेच गरिरहेका छन् । झलक्क हेर्दा सबै सामान्यजस्तो देखिन्छ । तर, थोरै ध्यान दिनुभयो भने तपाईंलाई केही फरक महसुस हुन थाल्छ । त्यस डिजिटल बजारका हरेक पसलमा, प्रत्येक भवनमा जेफ बेजोस नामक व्यक्ति रहेको पाउनुहुनेछ । मानिसले हिँडेका फरक गल्ली र फरक पसल एल्गोरिदमद्वारा नियन्त्रित भइरहेको हुन्छ र यो एल्गोरिदम भन्ने वस्तु बजारका मालिक बेजोसको धुनमा नाच्ने गर्छ ।' यो बजार खासमा पुँजीवादी चरित्रको नरहेको भारुफाकिसको तर्क छ । 'अमेजन डट कमका मालिक जेफ बेजोस पुँजी निर्माण गर्दैनन् उनी आफ्नो प्लाटफर्ममा सामान राख्नेहरूबाट भाडा उठाउँछन् । यो पुँजीवाद नभएर सामन्तवाद हो । हामी आममानिस दासमा बदलिन्छौं- 'डिजिटल दास', जो वर्गीय चेतनाबाट यति विमुख छौं कि हामीले नै गरेका ट्विट् र पोस्टबाट यी कम्पनीको मूल्य बढाइरहेका छन् भन्नेसमेत ख्याल गर्दैनौं,' उनले भने ।

पुस्तक लेख्दै गर्दा नै उनलाई पुँजीवादको सन्दर्भमा एक युगको अन्त्य हुँदै गरेको महसुस भएको थियो । 'पाण्डुलिपि लेखेर सकाउँदा र छापिएको पुस्तक मेरो हातमा पर्दासम्म मलाई सन् १८४० को दशक बाँचेको र सामन्तवादमाथि पुस्तक लेखिरहेको महसुस भएको थियो; वा सोभियत केन्द्रीय योजनामाथि लेखिएको पुस्तक हात पार्न सन् १९८९ को अन्त्य पर्खिएजस्तै ।' लेखन अवधिमा उनलाई पुँजीवादको सम्पूर्ण अवधारणाको समय गुज्रिसकेको हो त भन्ने प्रश्नले बारम्बार घचघचाइरह्यो । बैठक कोठामा रहेको किताब ञ्याकमा मैले फेसबुकका पहिलो लगानीकर्तामध्ये एक व्यापारी रोजर म्याकनेमीको पुस्तक 'जक्ड' देखेँ । म्याकनेमी तिनै हुन् जसले मार्क जुकरबर्गलाई फेसबुककी भावी चिफ अपरेटिङ अफसर (सिइओ) सेरिल स्यान्डबर्गसँग चिनापर्ची गराएका थिए । 'यो एक उत्कृष्ट पुस्तक हो,' भारुफाकिसले म्याकनेमीको पुस्तकको सन्दर्भमा भने । मैले उनलाई यस भेटमा सोध्न सकिने प्रश्नबारे विभिन्न मानिससँग म्यासेज गरेको र तीमध्ये म्याकनेमी पनि एक रहेको भारुफाकिसलाई बताए । म्याकनेमीले 'टेक्नोफ्युडालिजम'को मूल विचारप्रति मोटामोटी रूपमा सहमत रहेको बताएका थिए । म्याकनेमीसँग भारुफाकिसको किताबबारे राय माग्दा यसको सारांशसहित किताबमा उल्लेखित पछिल्लो वैश्विक परिवर्तनमा भूमिका खेलेका दुई प्रमुख घटनाको पनि उल्लेख गरेको थिएँ, जुन निम्न थिए :

१. अमेरिका र चीनका ठूला प्रविधि कम्पनीबाट भइरहेको इन्टरनेट (क्षेत्र)को निजीकरण, र

२. सन् २००८ को वित्तीय संकटविरुद्ध प्रतिक्रिया जनाउने क्रममा पश्चिमी सरकार तथा केन्द्रीय बैंकले बजारमा निकासा गरिएको विशाल रकम ।

भारुफाकिसलाई मैले म्याकनामीले पठाएको जवाफ पढेर सुनाएँ, 'म पुस्तकका आधारभूत मान्यताप्रति सहमत छु । अमेरिकाले सन् २००९ देखि २०२२ बीचमा ब्याजदर शून्यको नजिक राख्यो । यसले आमूल परिवर्तन सिर्जना गर्ने वाचा गरेका व्यापारिक मोडेल विकास हुने वातावरण प्रदान गऱ्यो । तीमध्ये केही पूर्णतया अवास्तविक र सार्वजनिक हितप्रतिकूल रहेका व्यवसायसमेत थिए । 'गिग' अर्थ-व्यवस्था, स्वचालित कार, क्रिप्टोकरेन्सी, मेटाभर्स, एआई बैंकले छेलोखेलो पैसा प्रवाह गरेको समयमा फस्टाए । यो रकम त्यो समयमा आइरहेको थियो जब प्रविधिमाथि कुनै नियमन थिएन र व्यापारिक क्षेत्रमा फर्मका प्रमुखको काम सेयरहोल्डरको मुनाफा बढाउने मात्र हो भन्ने संस्कृति स्थापितजस्तै भएको थियो । भलै त्यसले प्रजातन्त्र, सार्वजनिक स्वास्थ्य, सार्वजनिक सुरक्षामा क्षति नै किन नपुगोस् । गत १४ वर्षको अवधिमा ब्याजदर ५ प्रतिशत रहेको भए पनि स्वचालित कार, क्रिप्टो, मेटाभर्स वा एआईले हाल पाइरहेको लगानीको १० प्रतिशतभन्दा लगानी पाउनेमा मलाई शंका छ ।'



> मानिसहरू लत्ताकपडा, जुत्ता, किताब, विभिन्न उपकरण, खेल र चलचित्र किनबेच गरिरहेका छन् । झलक्क हेर्दा सबै सामान्यजस्तो देखिन्छ । तर, थोरै ध्यान दिनुभयो भने तपाईंलाई केही फरक महसुस हुन थाल्छ । त्यस डिजिटल बजारका हरेक पसलमा, प्रत्येक भवनमा जेफ बेजोस नामक व्यक्ति रहेको पाउनुहुनेछ ।

स्वरूपमा बदलिएको छ ।'

मैले भारुफाकिससँगको भेटअघि (उनीविपरीत) विभिन्न सरकार र वित्तीय संस्थाबाट स्विकारिएकी प्रभावशाली अर्थशास्त्री मारियाना माजुकाटोसँग पनि कुरा गरेको थिएँ । उनले भारुफाकिसले पुस्तकमा चर्चा गरिएका केही विचार नयाँ नभएको बताइन् । माजुकाटो आफैंले सन् २०१८ मा 'एल्गोरिदमिक रेन्ट'को अवधारणा ल्याएकी थिइन्, जसअनुसार प्रविधि कम्पनीहरूले प्रयोगकर्ताबाट ध्यान खिच्ने, त्यसलाई विज्ञापनदातामा पुनः बेच्ने गरिरहेका छन् । कुनै दीर्घकालीन मूल्य सिर्जना गरिरहेका छैनन् । सम्भवतः नयाँ परिस्थितिमा वामपन्थी र दक्षिणपन्थीको बीचको विचार मिल्नुले परम्परागत भिन्नताको अर्थ पनि हराएको संकेत गर्छ । भारुफाकिसका अनुसार दक्षिणपन्थीहरू 'पुँजीवादलाई प्राकृतिक प्रणालीजस्तै सोच्दछ, केही हदसम्म हामी वरिपरिका वातावरण जस्तै ।' जब कि वामपन्थीहरू आफूलाई 'ब्रह्माण्डले नै पुँजीवाद मासेर समाजवाद ल्याउन पठाएको मानिस ठान्छन् । तर, कसैले पुँजीवाद मारिसक्यो । अहिले जे आएको छ, त्यो थप खराब छ,' उनी भन्छन्, 'प्रारम्भिक इन्टरनेटले डिजिटल क्षेत्रको निजीकरणको बाटो खुलायो । अहिले यसका द्वारपालेहरूले प्रयोगकर्ताबाट भाडा उठाइरहेका छन्... हामीले पुँजीपति ठानेका मानिस अब जागिरदार मात्र रहे । सामान उत्पादन गर्ने वर्गको दिन सकियो । यो वर्ग अब संसारको शासक बन्न सक्दैन ।'

इतिहासप्रति भारुफाकिसको फराकिलो दृष्टिलाई ग्रिसको अधिनायकवादी इतिहासले (जुन अझै पनि निकट इतिहास नै हो) आकार दिएको हो कि भन्ने मैले अनुमान गर्छु । अधिनायकवादको प्रतिक्रियामा उनको परिवार क्रान्तिकारी राजनीतितर्फ मोडियो । उनी ६ वर्षको हुँदा गुप्तचर प्रहरीले उनको घरमा छापा मारेर बुबालाई पक्राउ गरेको थियो । (सन् १९४० को दशकमा इजिप्टबाट ग्रिस बसाइँ सरेका उनका पिता कम्युनिस्ट थिए ।) उनलाई पिता पक्राउ पर्दाको दिन सम्झना छ कि भनेर सोधेँ । 'ओहो, यस्तो घटना कसरी बिर्सन सकिन्छ र । दुई हप्तासम्म, हामीलाई बुबालाई कहाँ लगियो भन्ने थाहा भएन ।' जब भारुफाकिसले राजनीतिमा रुचि राख्ने उमेरमा पुगे देश अझै सैन्य शासनमै थियो । किशोरकालमा जब प्रहरीले उनलाई पक्रियो उनका आमाबाबु छोरालाई बेलायत पढ्न पठाउनेमा दृढ भए । खासमा टेक्नोफ्युडालिजम किताब केहीअघि बितेका उनका पितालाई सम्बोधन गरिएको चिठीको रूपमा लेखिएको छ । यो किताब एक हिसाबले अघिल्लो पुस्तक 'टकिङ टु माई डटर अबाउट द इकोनोमी'को सिक्वेल हो, जुन पुस्तक उनले आफ्नी ११ वर्षीया छोरीलाई संसारमा कायम असमानताबारे बुझाउने प्रयासमा लेखेका थिए ।

ग्रिक ऋण संकटको समयमा उनले ग्रिसको खर्च कटौती गर्ने सर्त मान्न दबाब दिइरहेका तत्कालीन जर्मन वित्तमन्त्री वुल्फ्याङ स्कोबललाई चेतावनी दिँदै भनेका थिए, 'हामी दुवै प्रजातन्त्रमा विश्वास गर्छौं । त्यसैले यसको प्रतिरक्षाप्रति गम्भीर हुनुपर्छ । यदि तपाईंहरूले हामीलाई खर्च कटौती गर्न बाध्य पार्नुभयो भने हाम्रोमा फासीवाद मौलाउनेछ ।' भारुफाकिसलाई उनको विश्लेषण पछिल्लो समय यथार्थमा बदलिँदै गएको चिन्ता छ । गत वर्ष जुनमा भएको चुनावका ठूलो जित हासिल गर्नेमध्ये एक दल 'स्पार्टन्स' पनि थियो । सो पार्टी प्रतिबन्धित नवनाजी दल 'गोल्डेन डन'का पदाधिकारीले खोलेको पार्टी हो । अझ भारुफाकिसका लागि दुःखको कुरा नवनाजीको जित उनको हारको रूपमा आयो । वित्तमन्त्रीबाट निकालिएपछि उनले आफ्नै पार्टी गठन गरेका थिए । सन् २०१९ को चुनावमा यसले नौ सिट जितेको थियो । पछिल्लो चुनावमा ती सबै सिट गुम्यो । 'के भयोभयो । मत सर्वेक्षणमा युवाहरूमाझ हाम्रो स्वीकार्यता २१ प्रतिशत मतदान देखिइरहेको थियो, तर मतपत्रमा त्यो रुपान्तरण भएन ।' परिस्थिति आफ्नोअनुकूल नभएको उनले स्विकारे । चुनावयता उनी आगामी कदमबारे विचार गर्न एगिनामै धेरै समय बिताउँछन् । आकाशबाट खरानी वर्षा भइरहे पनि सोचविचारका लागि यो त्यति नराम्रो ठाउँ भने होइन ।

(द गार्जियनका लागि क्यारोल क्याडवालाडरले गरेको संवाद ।
अनुवाद : **श्रवण उप्रेती**)

बहस



● क्यारोल क्याडवालाडर

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ८ वैशाख ०८१

स्याउको वार्षिक खपत ९० हजार टन

४५ हजार टन मात्रै उत्पादन

आर्थिक वर्ष ०६७/६८ देखि स्याउमा आत्मनिर्भर योजना लागू भए पनि उत्पादनमा हुन सकेन उल्लेख्य सुधार

फलफूल विकास केन्द्रका प्रवक्ता सूर्यप्रसाद बराल भन्छन्-



संघीयता कार्यान्वयनमा आउनुअघि कार्यक्रममार्फत आत्मनिर्भरको योजना बनाएर गएका थियौं, तर निरन्तरता पाउन सकेन, यतिकै सेलाउन पुग्यो ।

भोजराज भण्डारी/नयाँ पत्रिका

स्याउमा आत्मनिर्भर बन्ने सरकारी योजना १२ वर्षदेखि अधुरै छ । सरकारले आर्थिक वर्ष ०६७/६८ देखि स्याउमा आत्मनिर्भर कार्यक्रम ल्याएर आव ०७८/७९ देखि कार्यान्वयन थालेको हो ।

पहिलो वर्ष घोषित कार्यक्रमअनुसार स्याउको व्यावसायिक बर्गैचाको क्षेत्रफल १७ हजार आठ सय दुई हेक्टर पुऱ्याउने र ७७ हजार दुई सय ५२ मेट्रिकटन उत्पादन गर्ने लक्ष्य राखिएको थियो । तर, गत आव ०७९/८० मा मुलुकभर ४५ हजार मेट्रिकटन मात्रै स्याउ उत्पादन भएको छ । यो कुल मागको करिब ५० प्रतिशत मात्रै उत्पादन हो ।

१२ वर्षको अवधिमा स्याउ उत्पादनमा केवल तीन हजार टन मात्रै प्रगति भएको छ । राष्ट्रिय फलफूल विकास केन्द्रको तथ्यांकअनुसार आव ०६७/६८ मा १० हजार तीन सय १२ हेक्टरमा ४२ हजार मेट्रिकटन स्याउ उत्पादन भएको तथ्यांक छ ।

केन्द्रका अनुसार वार्षिक माग भने ९० हजार चार सय मेट्रिकटनदेखि ९४ हजार मेट्रिकटनसम्म रहेको अनुमान छ ।

स्याउ धेरै उत्पादन हुने मनाङ, मुस्ताङ, कालिकोट, जुम्ला, डोल्पा, हुम्ला, मुगु र दार्चुलामा परियोजना नै सञ्चालन भइरहेका छन् । यसमध्ये जुम्लामा हजार हेक्टर क्लस्टरको सुपर जोन रहेको छ भने अन्य जिल्लामा पाँच-पाँच सय हेक्टरका एक-एकवटा जोन रहेका छन् ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले स्याउमा आत्मनिर्भर कार्यक्रम सचालन निर्देशिका पटक-पटक संशोधन गर्दै लागू गरेको थियो । संघीयता कार्यान्वयनमा आएपछि भने आत्मनिर्भरताको

- १२ वर्षअघि ४२ हजार टन स्याउ उत्पादन, अहिले ४५ हजार टन मात्रै
- स्याउको वार्षिक माग ९० हजार चार सयदेखि ९४ हजार टनसम्म



- आव ०७८/७९ मा स्याउको व्यावसायिक बर्गैचाको क्षेत्रफल १७ हजार ८०२ हेक्टर पुऱ्याउने र ७७ हजार २५२ मेट्रिकटन उत्पादन गर्ने लक्ष्य थियो

कार्यक्रमले प्राथमिकता पाउन छाडेको फलफूल विकास केन्द्रका प्रवक्ता सूर्यप्रसाद बरालले बताए । उनले भने, 'संघीयता कार्यान्वयनमा आउनुअघि कार्यक्रममार्फत आत्मनिर्भरको योजना बनाएर गएका थियौं, तर निरन्तरता पाउन सकेन, यतिकै सेलाउन पुग्यो ।'

केन्द्रको तथ्यांकअनुसार मधेश प्रदेशबाहेक सबैतिर स्याउको उत्पादन हुने गर्छ, तर वर्षमा चार महिना मात्रै स्याउ उत्पादन हुने गरेको छ । सय हेक्टरभन्दा बढी क्षेत्रफलमा स्याउखेती हुने १६ जिल्ला रहेका छन् ।

कुनै वर्ष उत्पादनमा ह्रास भए आयात गर्नुपर्ने

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बाध्यतालाई अन्त्य गर्न वार्षिक एक लाख टन उत्पादन गर्न सक्नुपर्ने केन्द्रका प्रवक्ता बरालले बताए । 'कुनै वेला अहिले भइरहेको स्याउ उत्पादनमा कमी आउँदा पनि माग बढ्न सक्छ । त्यसैले वार्षिक एक लाख मेट्रिकटन उत्पादन भएको खण्डमा हामी पूर्ण रूपमा आत्मनिर्भर बन्न सकिने अवस्था छ,' उनले भने ।

२० बैंकको नाफा ४० अर्ब ६८ करोड

आव ०७९/८० को चैतसम्म ४७ अर्ब कमाएका बैंकको नाफा यस वर्ष १३.४७ ले घट्यो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को तेस्रो त्रैमास (चैत)सम्ममा २० वाणिज्य बैंकले ४० अर्ब ६८ करोड ३० लाख रुपैयाँ नाफा आर्जन गरेका छन् । उनीहरूको यो नाफादर गत आव ०७९/८० को सोही अवधिको तुलनामा भने १३.४७ प्रतिशतले कमी हो ।

नाफा आर्जन गरे पनि १० बैंकहरू मुनाफा दिन नसक्ने (वितरणयोग्य नाफा ऋणात्मक) अवस्थामा पुगेका छन् । वाणिज्य बैंकहरूले शुक्रबार सार्वजनिक गरेको चालू आवको तेस्रो त्रैमासको अपरिष्कृत वित्तीय प्रतिवेदनअनुसार निष्क्रिय कर्जा अनुपात (एनपिएल) थप बढेर ३.६५ प्रतिशत पुगेको छ ।

गत आवको समीक्षा अवधिमा वाणिज्य बैंकको खुद नाफा ४७ अर्ब एक करोड १५ लाख रुपैयाँ थियो । यो वर्ष भने खुद नाफा १३.४७ प्रतिशतले घटेको हो । तेस्रो चौमाससम्म १३ बैंकको नाफा घटेको छ भने सातवटाले नाफादर वृद्धि गरेका छन् ।

सबैभन्दा बढी नबिल बैंकले नाफा आर्जन गरेको छ । नबिलले चार अर्ब ६६ करोड ८० लाख रुपैयाँ खुद नाफा कमाएको छ । दोस्रो स्थानमा रहेको ग्लोबल आइएमई बैंकले तीन अर्ब ३० करोड ६५ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ । तेस्रो स्थानमा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले तीन अर्ब २७ करोड ५२ लाख रुपैयाँ नाफा कमाएको छ ।

वाणिज्य बैंकहरूले नौ महिनामा ४० अर्ब ६८ करोड रुपैयाँ खुद नाफा कमाए पनि वितरणयोग्य नाफाको अवस्था भने कमजोर छ । समीक्षा अवधिमा १० बैंक नाफा बाँड्नै नसक्ने अवस्थामा छन् । हिमालयन बैंकको वितरणयोग्य नाफा पाँच अर्ब २४ करोड रुपैयाँले ऋणात्मक छ । यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगाको पाँच अर्ब १८ करोड रुपैयाँ, कुमारीको चार अर्ब २० करोड रुपैयाँ, एनआइसी एसियाको एक अर्ब ७२ करोड रुपैयाँ, लक्ष्मी सनराइजको एक अर्ब २४ करोड रुपैयाँ र नेपाल बैंकको एक अर्ब चार करोड रुपैयाँले वितरणयोग्य नाफा ऋणात्मक छ ।

एनएमबि बैंकको ४२ करोड ९२ लाख रुपैयाँ, ग्लोबल आइएमई बैंकको ४२ करोड ३१ लाख रुपैयाँ, माछापुच्छ्रे बैंकको ३० करोड ५६ लाख रुपैयाँ र सिद्धार्थको २७ करोड १२ लाख रुपैयाँले वितरणयोग्य नाफा ऋणात्मक देखिएको छ । बाँकी १० बैंकको वितरण योग्य नाफा धनात्मक छ । तर, खुद नाफाको तुलनामा एकदमै कम रहेको तथ्यांकले पुष्टि गरेको छ ।

मुलुकमा आर्थिक शिथिलता भएका कारण बैंकको नाफादर घटेको र वासलातमा वितरणयोग्य नाफा नदेखिएको नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) मनोज ज्ञवालीले बताए । आर्थिक शिथिलताका कारण बैंकहरूको सबै कर्जा असुल हुन सकेको छैन । फलस्वरूप निष्क्रिय कर्जा अनुपात बढ्दै गएको छ । त्यो अवस्थामा कर्जा नोक्सानी व्यवस्था (प्रोभिजनिङ)बापत राख्नुपर्ने रकम बढ्दै गएको छ ।

एनएफआरएस प्रणालीमा वित्तीय विवरण बनाउँदा पनि खुद नाफाको तुलनामा वितरणयोग्य नाफा कम देखिएको ज्ञवाली बताउँछन् । 'एनएफआरएस प्रणालीमा वित्तीय विवरण बनाउँदा एक्चुअल बेसिस (प्रोदभावी प्रणाली)मा नाफा-नोक्साना गणना गर्नुपर्छ । त्यसअनुसार असुल नभएको ब्याज पनि आम्दानीमा देखाउनुपर्छ । अहिलेको आर्थिक शिथिलताका कारण केही कर्जाको ब्याज उठ्न सकेको छैन । तर, आम्दानीमा राखिएको छ । त्यसले गर्दा नाफा बढेको छ,' उनले भने, 'तर, नउठेको ब्याजबापत छुट्टै रकम प्रोभिजनिङ गर्नुपरेको छ । त्यसमाथि निष्क्रिय कर्जाका कारण पनि कर्जा नोक्सानीमा राख्नुपर्ने रकम बढ्दै गएको छ । त्यसले गर्दा अधिकांश बैंकहरू नाफा बाँड्न नसक्ने

धेरै नाफा आर्जन गर्ने बैंक

नबिल बैंक		४ अर्ब ६६ करोड
ग्लोबल आइएमई		३ अर्ब ३० करोड
इन्भेष्टमेन्ट मेगा बैंक	NIMB	३ अर्ब २७ करोड
प्राइम कमर्सियल		२ अर्ब ८७ करोड
एभरेष्ट बैंक	एभरेष्ट बैंक EVEREST BANK	२ अर्ब ६० करोड
स्ट्यान्डर्ड चार्टर्ड		२ अर्ब ४४ करोड
राष्ट्रिय वाणिज्य		२ अर्ब ३७ करोड
एनएमबि बैंक	NMB	२ अर्ब २४ करोड
कृषि विकास		२ अर्ब ५ करोड
हिमालयन बैंक		१ अर्ब ९४ करोड
एनआइसी एसिया	NIC ASIA	१ अर्ब ९१ करोड

> नाफा आर्जन गरे पनि वितरणयोग्य नाफा ऋणात्मक भएकाले १० बैंक मुनाफा दिन नसक्ने अवस्थामा पुगेका छन्

अवस्थामा पुगेका छन् ।'

त्यसैगरी, राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले पनि शिथिल अर्थतन्त्रको असर बैंकिङ क्षेत्रमा परेको बताए । यद्यपि, यो शिथिलतामा बैंकहरूले कमाएको नाफालाई सकारात्मक रूपमा लिनुपर्ने उनको भनाइ छ ।

'अहिलेको अवस्थामा बैंकहरूको नाफा घट्नु स्वाभाविक हो । बैंकहरूले जुन नाफा कमाएका छन्, त्यो आफैंमा सकारात्मक पक्ष हो,' उनले भने, 'यो संकटको अवस्थामा अघिल्लो वर्षको तुलनामा नाफा बढेको भए अपाच्य हुन्थ्यो । घट्नु स्वाभाविक हो ।'

समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा अनुपात औसतमा ३.६५ प्रतिशत पुगेको छ । गत आवको यसै अवधिमा वाणिज्य बैंकको निष्क्रिय कर्जा अनुपात २.९९ प्रतिशत थियो । तर, अहिले त्यो उच्चदरमा बढेको छ ।

समीक्षा अवधिमा लक्ष्मी सनराइज बैंकको निष्क्रिय कर्जा अनुपात सबैभन्दा धेरै ५.४९ प्रतिशत पुगेको छ । यसैगरी हिमालयनको ४.९६ प्रतिशत, कुमारीको ४.९५ प्रतिशत र नेपाल बैंकको ४.८५ प्रतिशतसम्म निष्क्रिय कर्जा पुगेको छ । समीक्षा अवधिमा सबैभन्दा कम निष्क्रिय कर्जा एभरेष्ट बैंकमा रहेको छ । उक्त बैंकमा ०.७ प्रतिशत मात्रै निष्क्रिय कर्जा रहेको छ ।

माथिल्लो अरुणमा विश्व बैंकको लगानी निश्चित

काठमाडौं/ संखुवासभामा रहेको एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनामा विश्व बैंकले लगानी गर्ने विषयमा सैद्धान्तिक सहमति जुटेको छ ।

अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री वर्षमान पुन र विश्व बैंकको दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजरबीच माथिल्लो अरुणसहित विश्व बैंकको लगानीमा नेपालमा सञ्चालित आयोजनाबारे छलफल भएको थियो ।

सो छलफलमा माथिल्लो अरुणमा विश्व बैंकले वित्तीय व्यवस्थापनको नेतृत्व गर्नेबारे सैद्धान्तिक निष्कर्षमा पुगिएको मन्त्री पुनको भ्रमण टोली सदस्य एवं अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख रहेका सहसचिव श्रीकृष्ण नेपालले जानकारी दिए । सरकारले सैद्धान्तिक स्वीकृति दिएपछि सहमतिले औपचारिकता पाउनुका साथै वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौता हुनेछ ।

Youth Foundation Nepal
Imadol -4, lalitpur

Solar power Installation System Tender Bid

S.N	Items	Quantity
1	Solar panel (330 Watt)	16
2	Jel Battery	24(excide or equivalent)
3	Hydride Inverter (5.5 KVA)	3 (smarten or equivalent)
4	Earthling & lighting arrestor Accessories	2 (chemical Bag)
5	Installation Accessories	2
6	Installation Cost	2
Working experience of company in relevant field		

Youth Foundation Nepal
Imadol -4, lalitpur
9761684730
Last date of Submission 2081/01/15
youthfoundationnepal2017@gmail.com

Youth Foundation Nepal
Imadol -4, lalitpur

Supply for computer Equipment Tender Bid

S.N	Items	Quantity
1	Computer Desktop	40 set (4 GB ram ,256ssd i5 processor, Monitor 19" inch)
2	Head phones	40
3	Projector(luminous 3000 & lamp hour 10000 to 12000)	2 pcs
4	2:1 Speaker	2 set
5	Jiga Switch or Ethernet switch	12 pcs
6	Cats 6 (outdoor cable)	1 box
7	Hdmi cable & celling mount	2 set
8	3:1 printer (laser)	2set
Working experience of company in relevant field		

Youth Foundation Nepal
Imadol -4, lalitpur
9761684730
Last date of Submission 2081/01/15
youthfoundationnepal2017@gmail.com

सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/०१/०८

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ऋणीको नाम	धितोको विवरण
१.	**टी. डी. खाद्य उद्योग** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं.: २९१/०७६/७७ दर्ता मिति : २०७७/०३/३० स्थायी लेखा नं ६१३३६९७२१ प्रोपाईटर.: प्रमिता थापा ठेगाना : ईटहरी उप.म.न.पा. वडा नं. १, सुनसरी **संस्थागत धनजमानी दिने** **प्रमिता थापा** ना.प्र.प.नं. : १५८४५ मोरङ्ग जारी मिति : २०५६/०४/०४ पतिको नाम : राजेश बिष्ट ससुराको नाम : बीर बहादुर बिष्ट ठेगाना : सुनसरी जिल्ला ईटहरी उप.म.न.पा वडा नं. २ **व्यक्तिगत धनजमानी दिने** **राजेश बिष्ट** ना.प्र.प.नं. : २३५२९ मोरङ्ग जारी मिति : २०५२/०९/१२ बाबुको नाम : बीर बहादुर बिष्ट बाजेको नाम : दल बहादुर बिष्ट ठेगाना : मोरङ्ग जिल्ला, इन्द्रपुर गा.वि.स. वडा नं. ५ हाल सुनसरी जिल्ला ईटहरी उप.म.न.पा वडा नं. २	प्रमिता थापाको नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको जिल्ला मोरङ्ग, हरैंचा गा.वि.स. वडा नं.७ ख स्थित कि.न.३८८ को क्षेत्रफल ०-९-०-० (वि.क.धु.क) जग्गा र सोले चर्चेको लिगलगापात समेत ।
२.	**कन्हैया स्टोर्स** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं. : १०६१६ /४५६/०७४/०७५ दर्ता मिति : २०७४/०९/०९ स्थायी लेखा नं. : ६०७२९६८२० दर्ता मिति : २०७४/०९/०९ **प्रोप्राईटरको नाम : सुनिता कुमारी पजियार** ठेगाना : जनकपुर उ.म.नगरापालिका वडा नं ०१, धनुषा । **संस्थागत धनजमानी दिने** **सुनिता कुमारी पजियार** ना.प्र.नं. : ५२९११५०७, धनुषा जारी मिति : २०५०/०२/२४ बाबुको नाम : बेचन महतो सुडी पतिको नाम : विश्वनाथ पजियार सुडी ससुराको नाम : राजेश्वर साह सुडी ठेगाना : धनुषा जिल्ला, लखौरी गा.वि.स, वडा नं. ५ हाल धनुषा जिल्ला, जनकपुर उ.म. नगरपालिका वडा नं. ०१ । **व्यक्तिगत धनजमानी दिने** **विश्वनाथ पजियार सुडी** ना.प्र.नं. : २५९५४६८२, धनुषा जारी मिति : २०४५/०१/१८ बाबुको नाम : राजेश्वर साहु सुडी बाजेको नाम : राम चरण साह ठेगाना : धनुषा जिल्ला, धनौजी गा.वि.स, वडा नं. ५ हाल धनुषा जिल्ला, जनकपुर उ.म.नगरपालिका वडा नं. ०१ ।	सुनिता कुमारी पजियारको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा.वडा नं १ स्थित सिट नं. १३५६-२४ कि.नं. २३६ क्षेत्रफल ०-०-८-०.२५ (वि.क.धु.क) को जग्गा र सो जग्गामा बनेको घर र सोले चर्चेको लिगलगापात समेत ।
३.	**सिथौली मेडिकल सेन्टर प्रा.लि.** कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ अनुसार दर्ता भएको दर्ता नं.: ११२५९८/०६९/०७० दर्ता मिति : २०७०/०१/३१ स्थायी लेखा नं. : ६०१२०२०१६ ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा वडा नं. ५ **संस्थागत धनजमानी दिने** **सुलोचना अधिकारी** ना.प्र.नं. : १३४८/४५२५, सिन्धुली जारी मिति : २०५१/०३/०७ पतिको नाम : लक्ष्मी धामी ससुराको नाम : परुवा धामी ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा वडा नं. ५ **व्यक्तिगत धनजमानी दिने** **१. लक्ष्मी धामी** ना.प्र.नं. : २३४१/२७१०, सिन्धुली जारी मिति : २०४४/११/२९ बाबुको नाम : परुवा धामी बाजेको नाम : चोक्तु धामी ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा वडा नं. ५ **२. मुकेश धामी** ना.प्र.नं. : २०-०१-७१-०४१८७, सिन्धुली जारी मिति : २०७१/०९/०७ बाबुको नाम : लक्ष्मी धामी बाजेको नाम : परुवा धामी ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा वडा नं. ५ **३. वोरिस धामी दनुवार** ना.प्र.नं. :२०-०१-७५-०५८३४, सिन्धुली जारी मिति : २०७५/०९/०३ बाबुको नाम : लक्ष्मी धामी बाजेको नाम : परुवा धामी ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा वडा नं. ५	लक्ष्मी धामीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको जिल्ला सिन्धुली साविक सिथौली, गा.वि.स वडा नं.७ क हाल दुधौली न.पा वडा नं ५ स्थित कि.न.४५६ र ४५९ को क्षेत्रफल ०-२-१७-० र ०-७-१६-१ (वि.क.धु.क) को जग्गा र सोले चर्चेको लिगलगापात समेत
४.	**रामनाथ दास** ना.प्र.नं. : २५०१२०००, धनुषा जारी मिति : २०५६/१०/०४ बाबुको नाम : जुगे दास बाजेको नाम : सिहेश्वर दास ठेगाना : धनुषा जिल्ला, देवपुरा रुपैठा गा.वि.स, वडा नं. ४ हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं.२० । **व्यक्तिगत धनजमानी दिने** **ललिता देवी दास** ना.प्र.नं. : १७३०८१/४७१, धनुषा जारी मिति : २०६३/११/०२ बाबुको नाम : राम प्रसाद दास पतिको नामः रामनाथ दास ससुराको नाम : जुगे दास ठेगाना : धनुषा जिल्ला, देवपुरा रुपैठा गा.वि.स, वडा नं. ४ हाल धनुषा जिल्ला, जनकपुर उ.म. नगरपालिका वडा नं. २० ।	रामनाथ दासको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता कायम रहेको धनुषा जिल्ला, साविक देवपुरा रुपैठा गा.वि.स वडा नं ५/क हाल जनकपुर उ.म.न.पा. वडा नं.२० स्थित कि.नं. १५५६,१५४७ र १८८१ को क्षेत्रफल क्रमशः ०-०-६-० (वि.क.धु.क.), ०-०-१२-८ (वि.क.धु.क.) र ०-०-५-४ (वि.क.धु.क.) को घरजग्गा र सोले चर्चेको लिगलगापात समेत ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार ८ वैशाख ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

उपाधि रक्षा गर्न सकेन नेपालले

रमेश सुवेदी / नयाँ पत्रिका

नेपाल एसिसी प्रिमियर कपको साबिक विजेता हो । ओमानमा उपाधि रक्षा गर्ने लक्ष्य राखेको नेपाल दोस्रो संस्करणको सेमिफाइनलबाट बाहिरिएको छ । एसोसिएट राष्ट्रमा चिरपरिचित प्रतिद्वन्द्वी युएईसँग नेपाल ६ विकेटको फराकिलो अन्तरले पराजित भयो । हारसँगै नेपालले दुई महत्त्वपूर्ण पक्ष गुमाएको छ । पहिलो, नेपालले उपाधि रक्षा गर्न सकेन् । दोस्रो, नेपालले पुनः एकपटक एसिया कप खेल्ने सपना गुमाएको छ । प्रतियोगिताको विजेताले एसिया कप खेल्न अवसर पाउनेछ । जसमा एकदिवसीय तथा टी-२० विश्वकपका पूर्वविजेताहरू भारत, पाकिस्तान र श्रीलंकाजस्ताविरुद्ध खेल्ने सुनौलो अवसर नेपाली खेलाडीले गुमाएका छन् । एसियामा यी राष्ट्रबाहेक अफगानिस्तान र बंगलादेशसमेत सहभागी छन् ।

एसियन क्रिकेट काउन्सिल (एसिसी)ले एसोसिएट राष्ट्रहरूलाई आइसिसीको पूर्णकालीन सदस्यहरूसँग म्याच एक्सपोज र अनुभव बटुल्ने अवसर प्रदान गर्न प्रिमियर कपका विजेतालाई एसिया कप खेल्ने प्रावधान बनाएको हो । अब यो अवसर ओमान वा युएईमध्ये एकले पाउने पक्का छ । यी दुवै टोली फाइनलमा पुगेका छन् । ओमानले हङकङलाई पाँच विकेटले हराउँदै अन्तिम दुईको स्थान पक्का गरेको हो ।

दोस्रोपटक अल इमरेत मैदान अनलक्की

ओमानको अल इमरेत क्रिकेट मैदान-१ नेपाललाई दोस्रोपटक अनलक्की भएको छ । यसै मैदानमा नेपालले डेढ वर्षअघि युएईसँग खेल गुमाउँदा आइसिसी टी-२० विश्वकप क्रिकेटमा छनोट हुने मौका गुमाएको थियो । यसपटक युएईसँगै हार्दा नेपालको एसिया कप खेल्ने सपना तुहिएको छ । सन् २०२२ मा नेपालले आइसिसी टी-२० विश्वकप छनोट 'ए'को सेमिफाइनलमा नेपाल अल इमरेत मैदानमै युएईसँग ६८ रनले पराजित भएको थियो । संयोग कस्तो रह्यो भने त्यसवेला पनि नेपाल समूह विजेता तथा युएई समूह उपविजेताका रूपमा अन्तिम चारमा भिडेका थिए । नेपालले चालू प्रिमियर कपमा अपराजित रही अन्तिम चारको स्थान पक्का गरेको थियो । युएई भने समूह 'बी' उपविजेता भएको थियो । नेपालले समूहमा मलेसियामाथि पाँच विकेटको जित निकालेको थियो । अर्को खेलमा नेपालले कतारलाई ३२ रन र हङकङविरुद्ध आठ विकेटको जित हात पारेको थियो ।

पावर प्लेमा फितलो ब्याटिङ

नेपाली खेलाडी अक्सर महत्त्वपूर्ण खेलमा ब्याटिङमा चुक्दै आइरहेका छन् । जिम्मेवारीपूर्वक ब्याटिङ गर्नुपर्ने अवस्थामा भरपर्दा ब्याट्सम्यान सस्तै रनमा पेभेलियन फर्कनु नेपालको मुख्य समस्या हो । एकरूपताका साथ ब्याटिङ गर्न नसक्नु नेपालको प्रमुख कमजोरीकै रूपमा रहेको छ । युएईविरुद्धको सेमिफाइनलमा यही पक्ष दोहोरिएको छ । युएईले टस जित्दै पहिलो फिल्डिङ गर्ने निर्णय लियो । यस पिचमा पहिलो, दोस्रो ब्याटिङ गर्न सजिलो छ । सुरुवातको स्पेलमा बलर ब्याट्सम्यानमाथि हाबी हुने गर्छन् । जुन नेपालमाथि युएईका सिमर मजाले हाबी मात्र भएनन् । उनीहरूले मानसिक रूपमा दबाब राखे । पहिलो पावर प्लेमा नेपाल ३०-२ को अवस्थामा थियो । पावर प्लेमा ब्याट्सम्यान आक्रामक रूपमा प्रस्तुत हुँदा विपक्षी बलर त्यतिकै दबाबमा पर्छ । ब्याट्सम्यानले बलरविरुद्ध 'माइन्ड गेम' पर्ने वेलामा उल्टै मानसिक दबाबमा ब्याटिङ गरे । यसको फाइदा युएईका बलरले उठाए । पावर प्लेमा कमजोर प्रदर्शन गरेको नेपालले युएईविरुद्ध ठूलो योगफल खडा गर्न नसक्नु प्रमुख कारण थियो ।

जोराको अर्धशतकीय योगदान

युएईका बलर हाबी भएको पिचमा नेपालको फितलो ब्याटिङ प्रदर्शन भयो । इनिङ्सको ९.१ ओभरमा नेपालले स्कोर बोर्डमा ५० रन जोड्दा महत्त्वपूर्ण चार विकेट गुमाएको थियो । ओपनर कुशल भुर्तेल इनिङ्सको पहिलो बलमै पेभेलियन फर्केपछि नेपालका खेलाडी एकपछि अर्को गरी आउट हुँदै गए । आसिफ शेखले आठ रन तथा कप्तान रोहित पौडेलले पाँच रन मात्र बनाए । मध्यक्रमका भरपर्दा ब्याट्सम्यान कुशल मल्लले तीन रन तथा दीपेन्द्रसिंह ऐरीले पाँच रन बनाउँदा नेपालले १३.२ ओभरमा पाँच विकेटको नोक्सानीमा ७५ रन जोडेको थियो । दीपेन्द्रसिंहले कतारविरुद्धको अन्तिम ओभरमा ६ बलमै छक्का प्रहार गरी कीर्तिमान बनाएका थिए । कतारपछि उनको ब्याटिङ खासै चल्न सकेन ।

इनिङ्सको १५.३ ओभरमा सोमपाल कामी आउट हुँदा नेपाल ८९/७ को स्थितिमा रह्यो । सन्दीप जोरा र गुल्सन झाले नेपालको ब्याटिङ उकासेका थिए । तर, दुवैले स्कोर बोर्डमा युएईविरुद्ध चुनौतीपूर्ण योगफल खडा गर्न सकेनन् । जोराले ४० बलमा चार चौका र दुई छक्का प्रहार गरी ५० रन बनाए । गुल्सनले १६ बलमा समान एक छक्का र चौका प्रहार गरी २० रन बटुले । करण केसीले १२ बलमा दुई छक्काको सहयोगमा १७ रन बटुले । नेपालले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय १९ रनको मध्यम योगफल खडा गरेको थियो । टी-२० खेलमा नेपालको यो १६औँ कम योगफल हो ।

प्रत्युत्तरमा युएईले १७.२ ओभरमा चार विकेट गुमाउँदै एक सय २३ रन जोड्दै नेपाललाई स्तब्ध पार्न सफल भयो ।



युएईविरुद्ध ब्याटिङ गर्दै नेपालका सन्दीप जोरा । तस्बिर : क्यान



कप्तान रोहित पौडेल भन्छन्–

टस हार्नु नै हाम्रो दुर्भाग्य हो । यस पिचमा युएईका बलरले भरपूर फाइदा लिए । नियमितजसो विकेट झरिरहँदा हामीले राम्रो साझेदारी गर्न सकेनौँ । साझेदारी राम्रो हुँदा युएईविरुद्ध राम्रो योगफल खडा गर्न सकिन्थ्यो । आज हारको एक मात्र कारण हाम्रो खराब ब्याटिङ प्रदर्शन हो ।

टी-२० मा नेपालको ६ कम योगफल

१३ जुलाई २०१५
नेपाल ५३/१० । आयरल्यान्ड ५४/२
आयरल्यान्ड आठ विकेटले विजयी

नेपाल आफ्नो इतिहासमै आयरल्यान्डविरुद्ध कम योगफल ५३ रनमा अल आउट भएको छ । भर्खर टी-२० विश्वकप खेलेर हौसिएको नेपाल आयरल्यान्डविरुद्धको खेलमा १४.३ ओभरमा अलआउट भएको थियो । वेलफास्टमा सुरुवाती ब्याटिङ गरेका नेपालका ओपनर सागर पुनले सर्वाधिक २० र कप्तान पारस खड्काले १० रन जोडेका थिए । प्रत्युत्तरमा आयरल्यान्डले आठ ओभरमै दुई विकेट गुमाएर खेल जित्यो ।

१० अक्टोबर २०१९
नेपाल ६४/१० । ओमान ६५/४
ओमान ६ विकेटले विजयी

नेपालको दोस्रो खराब ब्याटिङ ओमानविरुद्ध हो । अल इमरेत मैदानमा नेपाल ११ ओभरमै ६४ रनमा अल आउट भएको थियो । आरिफ शेखले २० रन र दीपेन्द्रसिंह ऐरीले १० रन जोडे । कप्तान पारससहित कुनै पनि खेलाडीले दोहोरो रन बनाउन सकेनन् । ओमानका आमिर कलिमले पाँच विकेट लिएका थिए । ओमानले चार विकेट गुमाउँदै ११.५ ओभरमा जित निकालेको थियो । ओमानका सुरज कुमारले ३० बलमा अविजित ४२ रन बनाए ।

१ जुलाई २०१५
नेदरल्यान्ड्स १७२/४ । नेपाल ६९/१०
नेदरल्यान्ड्स १०३ रनले विजयी

नेदरल्यान्ड्स यात्रामा पुगेको नेपाली टोली ६९ रनमै अल आउट भयो । दोस्रो टी-२० मा नेदरल्यान्ड्सले चार विकेट गुमाउँदै एक सय ७२ रन बनायो । प्रत्युत्तरमा नेपालले १७.४ ओभरमा सबै विकेट गुमाउँदा मात्र ६९ रनको योगफल खडा गऱ्यो । नेपालको इनिङ्समा शरद भेसवाकरले सर्वाधिक १८ रन जोडे । नेदरल्यान्ड्सका माइकल रिपोनले तीन विकेट लिए । नेदरल्यान्ड्सका ओपनर माइकर स्वार्टले ५९ बलमा आठ चौका र एक छक्कासहित ७६ रन बनाएका थिए ।

२४ नोभेम्बर २०१४
नेपाल ७२/१० । हङकङ ७३/८
हङकङ दुई रनले विजयी

टी-२० क्रिकेटमा नेपालले हङकङविरुद्ध चौथो कम योगफल बनाएको छ । श्रीलंका यात्रामा नेपालले चौथो खेलमा पूरै २० ओभर खेल्दा सबै विकेट गुमाएर मात्र ७२ रन बनाएको थियो । सोमपालले ३१ बलमा ४० रन बनाए । अन्य खेलाडीले दोहोरो रन नै बनाउन सकेनन् । प्रत्युत्तरमा हङकङले १९.५ ओभरमा जित निकालेको थियो । हङकङका इजाज खान र अनास खानले समान २१ रन जोडे ।

१३ मार्च २०२४
पिएनजी १७१/८ । नेपाल ८५/१०
पिएनजी ८६ रनले विजयी

हङकङमै भएको सिरिजमा नेपाल पपुवा न्युगिनी (पिएनजी)विरुद्ध ८५ रनमा समेटिएको थियो । एक सय ७१ रनको लक्ष्य पछ्याएको नेपाल १६.३ ओभरमा अल आउट भयो । नेपालको इनिङ्समा सन्दीप जोराले सर्वाधिक १७ रन बनाए । पहिलो इनिङ्समा पिएनजीका टोनी उराले ६१ रन बटुले । आकाश चन्द र कुशल भुर्तेलले समान तीन विकेट हात पारेका थिए ।

१७ जुलाई २०१५
नेपाल ९३/१० । पिएनजी ९९/२
पिएनजी आठ विकेटले विजयी

डब्लिनमा भएको खेलमा नेपाल पिएनजीसँग आठ विकेटले पराजित भएको थियो । नेपालले मात्र १९.४ ओभरमा अलआउट हुँदा ९३ रन बनायो । ओपनर प्रदीप ऐरीले २९ र सागर पुनले १५ रन बनाए । प्रत्युत्तरमा टोनी उराले ३२ रन जोडेपछि पिएनजीले सहज जित निकाल्यो ।

१७औँ आइपिएलमा टिकटको कालोबजारी



एजेन्सी

१७औँ इन्डियन प्रिमियर लिग (आइपिएल)मा कालोबजारीको माध्यमबाट टिकट किन्दा दर्शकले हजारौँ रकम तिर्नुपरेको छ । चेन्नई सुपर किंग्स, मुम्बई इन्डियन्स, कोलकाता नाइट राइडर्स, सनराइजर्स हैदराबाद तथा रोयल च्यालेन्जर्स बेंग्लोरका खेलमा सुरुमै टिकट बुक वा किन्न सकिएन भने दर्शकले अनावश्यक रूपमा बढी रकम खर्चनुपरेको भारतीय एजेन्सीले जनाएको छ । अन्तिम समयमा एक दर्शकले बेंग्लोरको पहिलो खेल हेर्न ५२ हजार नौ सय ३८ भारु तिरेको एजेन्सीले दाबी गरेको छ । ती दर्शकले किनेको टिकटको मूल्य दुई हजार भारुमुनि रहेको थियो ।

फ्रेन्चाइज टोलीका लगानीकर्ताले पनि टिकटका माध्यमबाट आम्दानी स्रोत बनाएको भारतीय सञ्चारमाध्यमले अर्को दाबी गरेको छ ।

'टिकट बिक्रीबाट फ्रेन्चाइज टोलीका मालिकहरूको खातामा रकम जम्मा हुन्छ, रंगशालामै गएर अन्तिम समयमा खेल हेर्नेहरू यसमा नमज्जाले फसेका छन्,' एजेन्सीले उल्लेख गरेको छ । भारतीय क्रिकेटको सर्वोच्च संस्था भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले यसपटक फ्रेन्चाइज टोलीहरूलाई टिकट मूल्य निर्धारण गर्न अधिकार दिएको छ । यसकारण पनि बजारमा टिकटको मूल्य आकासिएको हो । 'बोर्डले नै फ्रेन्चाइजलाई आफूखुसी टिकटको मूल्य राख्न अधिकार दिएको छ, यसमा दर्शक बलिको बोका बनेका छन्,' बिसिसिआईका एक सदस्यले भारतीय मिडियालाई भनेका छन्, 'आइपिएलको टिकट बिक्रीमा कालोबजारी भइरहँदा कसैले रिपोर्ट राख्न हिम्मत गरेका छैनन् ।'

फ्रेन्चाइजका मालिकहरूले आफ्नो लगानी उठाउन, रंगशालाको मर्मत-सम्हार गर्न तथा खेलाडीको सुविधा पूरा गर्ने मुख्य माध्यम नै टिकट बिक्री बनाएका छन् । 'टोलीका मालिकहरूले घरेलु रंगशालाको मर्मत-सम्हारदेखि खेलाडीलाई सुविधा प्रदान गर्ने मुख्य बजेट नै टिकट बिक्री बनाएका छन्,' बिसिसिआईका ती सदस्यले भने, 'आइपिएल बोर्डले टिकट मूल्य निर्धारण गर्नुपर्छ ।'

राम्रा खेलाडीको साथ पाएको, तर उपाधि जित्न नसकेको बेंग्लोरको क्रेज आइपिएलमा अत्यधिक रहेको छ । यस सिजनमा बेंग्लोरले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरे पनि उत्कृष्ट नतिजा निकाल्न सकेको छैन । तर, बेंग्लोरको खेलमा दर्शकको कमी छैन । बेंग्लोरको खेल हुँदा सामान्य टिकट मूल्य नै २३ सय भारु रहेको छ । बेंग्लोरले एक टिकटको अधिकतम मूल्य ६ हजार दुई सय भारु राखेको छ । तर, कालाबजारीमा यही टिकटको मूल्य ५० हजार भारुमा बिक्री भइरहेको इन्डियन एक्सप्रेसले जनाएको छ ।

आइपिएलमा टिकट मूल्य भारुमा

टोली	औसत मूल्य	उच्च मूल्य
बेंग्लोर	२,३००	५२, ९३८
लखनउ	४९९	२०,००
कोलकाता	७५०	२८, ००
गुजरात	४९९	२०, ००
मुम्बई	९९०	१८, ००
चेन्नई	१७, ००	६, ००
दिल्ली	२, ०००	५, ०००
राजस्थान	५, ००	२०, ०००
सनराइजर्स	७, ५०	३०, ००
पन्जाब	७,५०	९, ०००

बजारको मागअनुसार मूल्य

आइपिएलको टिकट मूल्य निर्धारण बजारको मागअनुसार बढ्ने गरेको चेन्नईका सिइओ कासी विश्वानन्दले जनाएका छन् । 'हामीले बजारको अवस्थाअनुसार टिकट मूल्य परिवर्तन गरिरहेका हुन्छौं,' विश्वानन्दले भने, 'यसमा ट्याक्समा २५ र मनोरञ्जनकर भनी २५ प्रतिशत छुट्याउनुपर्छ ।' उनका अनुसार कालोबजारी वा उच्चतम मूल्यमा बिक्री हुने टिकटबाट टोलीलाई केवल ५८ प्रतिशत मात्र हिस्सा आउने गर्छ । घरेलु मैदानमा हुने खेलका लागि दर्शकले उच्चतम मूल्यमा टिकट किनेको विश्वानन्दले बताए ।

सन्तोषी बनिन् ब्रान्ड एम्बासडर

काठमाडौं / प्रथम बुढानीलकण्ठ नगरसिल्ड खेलकुद महोत्सवको आयोजक बुढानीलकण्ठ नगरपालिका र बुढानीलकण्ठ खेलकुद विकास बोर्डले धाविका सन्तोषी श्रेष्ठलाई ब्रान्ड एम्बासडर बनाउने भएको छ । आयोजक बोर्डका संयोजक सुमन तामाङले सन्तोषी श्रेष्ठलाई खेलकुद महोत्सवको ब्रान्ड एम्बासडरमा चयन गरिएको बताए । बुढानीलकण्ठ नगरपालिका वडा ६ मा बस्ने सन्तोषी नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)अन्तर्गत १० हजार मिटर दौड तथा बंगलादेशमा भएको बंगबन्धु ढाका म्याराथनकी स्वर्ण विजेता हुन् । संयोजक तामाङले राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडी श्रेष्ठलाई खेलकुद महोत्सवको ब्रान्ड एम्बासडरको घोषणा गर्न पाउँदा गर्वको अनुभूति भएको बताएका छन् ।



सहभागी खेलाडीको सुरक्षालाई ध्यानमा राखी सात दिनका लागि पाँच लाख रुपैयाँबराबरको बिमा गरिने उनले बताए । सन्तोषीले ब्रान्ड एम्बासडर बनाएकोमा आयोजकप्रति आभार प्रकट गरिन् । 'खेलकुद महोत्सव खेलाडीका लागि आफ्नो कौशल देखाउने राम्रो 'प्लेटफर्म' भएकाले खेलाडीलाई प्रोत्साहन गर्न सम्पूर्ण नगरवासीलाई आग्रह छ,' श्रेष्ठले भनिन् । १५-१९ वैशाखसम्म हुने महोत्सवमा विभिन्न आठ खेल समावेश छन् । करँते, तेक्वान्दो, मुवाँथाई, कुङ फु, बास्केटबल, फुटबल, ब्याडमिन्टन र रोड रेसमा प्रतिस्पर्धा हुनेछ । रेस्लिङ र केही परम्परागत खेलको प्रदर्शनी खेल पनि हुनेछ । खेलकुद महोत्सव वैशाख १९ गतेसम्म चल्नेछ ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



दिपायल सिलगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना

सूचना प्रकाशन मितिः- २०८१/०१/०८ (20th April 2024 A.D)

यस कार्यालयद्वारा तपसिलको निर्माण कार्यका लागि मिति २०८०/११/२१ गते शोमबार आर्थिक दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्यांकन हुँदा सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु (Substantially Responsive Bidders) तल तालिकामा निर्धारण गरिएकोले सार्वजनिक खरिद नियमावली २०६४को नियम ३१(ज) उपनियम (५) अनुसार २०८१/०१/१६ वि.स. (2024/04/28 A.D) गते दिऊँसो १:०० बजे दिपायल सिलगढी नगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

S. N.	Contract ID	Description of Works	Name and Adress of Successful Bidders in Technical Evaluation
1.	NCB/DSNP/06/ 2080/2081	Construction of Covered Hall	1. B and P- Unnati Joint Ventrure, Lead:- Unnati Nirman Sewa

प्रमुख प्रशासकीय अधिकृत

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०१/०८

यस कार्यालयबाट मिति २०८०/१२/०२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा तपशिल बमोजिमको निर्माण कार्य सम्बन्धि शिलबन्धी बोलपत्र (E-Bid) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरू मध्ये तपशिलका बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभुतरूपमा प्रभावग्रही देखिएको ले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	योजनाको नाम	कामको विवरण	न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्रही बोलपत्र दाता	कबोल अंक (मु.अ.कर सहित)
1	NCB/DSNP/ 07/080/081	Shantinagar, Dang Road Maintenance	Road Construction	D.D. Construction And Suppliers, Silgadi, Doti	Nrs. 30,02,768.38 (In Word Thirty lakh two thousand seven hundred sixty eignt and thirty eight paisa only

प्रमुख प्रशाशकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com